# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

जनसंख्याको आधा भाग ओगटेको महिलाहरुको बिकास र विकास अभियानमा सक्रिय सहभागिता हुनु आवश्यक हुन्छ । महिलाको समान एवम सक्रिय सहभागिताबिना सामाजिक, आर्थिक स्थितिमा सुधार आउन सक्दैन । हाम्रो जस्तो विकासोन्मुख मुलुकमा अशिक्षा, आवश्यकता, गरिबी, सामाजिक-सांस्कृतिक परम्परा, प्रचलन, व्यक्तिगत दायित्व तथा सचेतानाको स्थितिमा कमी हुनाको कारणले महिलाहरु सामाजिक, आर्थिक विकासका कार्यमा सशक्त रुपले सहभागी भई विकासको मूल प्रवाहमा समाहित हुन सकेको छैन । यस्तो गम्भिर स्थितिमा समाजमा परिवर्तन ल्याउन महिला सशक्तिकरणको नितान्त आवश्यकता देखिएको छ ।

सशक्तिकरण शक्ति प्राप्त गर्ने प्रक्रिया हो । शक्ति भनेको राजनितिक, आर्थिक, सामाजिक, प्रशासनिक र सांस्कृतिक क्षेत्रमा पहुच तथा नियन्त्रण हुनु हो । सशक्तिकरण निर्णय गर्न सक्ने वस्तुगत चेतनाको विकास हो । असमान लैंगिक भूमिकामा परिवर्तन गर्न सक्नु सशक्तिकरण हुनु हो । परम्परागत रुढि, कुरीतिको प्रतिरोध गर्नु र देशको नियम कानुन र विधि विधानले प्रदान गरेको हक तथा अधिकार प्रति सजग हुनु सशक्तिकरण हो ।

महिला सशक्तिकरण नारीलाई कुनै शक्ति प्रदान गर्ने नभई नारीभित्रकै शक्तिलाई उजागर गर्ने कुरा हो । महिला सशक्तिकरणले असमान शक्ति सम्बन्ध पितृसत्तात्मक सामाजिक संरचनालाई महिलाको पक्षमा परिवर्तन गर्न सहयोग पुऱ्याउँछ । महिला सशक्तिकरणले महिलालाई समालोचनात्मक चेतनाको विकास, गतिशीलता र दृश्यता, निर्णय क्षमता, सहयोगितात्मक सामूहिक प्रयास गर्न सशक्त बनाउँछ ।

विश्व परिवेशलाई हेर्दा महिलाको अवस्था र स्थान परिवार भित्र होस् या बाहिर दुनियामा निम्न अवस्थाको रहेको छ । नेपालको परिवेशमा हेर्दा समग्र जनसंख्याको आधा भन्दा बढि संख्या महिलाको रहेता पनि हरेक काममा पुरुषको सहयोगीको रूपमा रहेको छ । नेपाल

एक पुरुषको वर्चश्व रहेको समाज हो । नेपालमा महिला र पुरुषको स्थितिमा ठूलो अन्तर पाइन्छ । घरबाहिरका कामहरूमा पुरुषको संलग्नता र समन्वय रहन्छ नकि महिलाको । जसको बढी संलग्नता घरायसी काममा रहन्छ । यदि विकाससँग सम्बन्धीत क्रियाकलापहरू ग्रामीण गरिब मानिसहरू बिचमा पठाईन्छ भने त्यसमा पुरुष वर्गहरूको सहभागीता रहन्छ ।

Acharya (१९९७) को भनाइ अनुसार आर्थिक विकासमा महिलाहरू पूर्ण सहभागीताबाट बन्चीत हुनुको पछाडिको मूख्य कारण मध्ये सामाजिक संस्कार पनि हो । जुन नतिजाको कारण महिलाको हातमा निर्णायक शक्ति कम हुन्छ । आर्थिक विकासको निम्ती जति धेरै महिला सहभागीता हुन्छ त्यति नै महिलाको निर्णायक भूमीका बढी हुनेछ । महिलाहरू केवल बच्चा जन्माउने, उनीहरूलाइ हुर्काउने काममा मात्र उत्तरदायी हुन्छन् र समाजको बराबरी सदस्यको रुपमा विकास प्रकृयामा सहभागी बन्न महिलाको निम्ती धेरै अप्ठेरो हुन्छ भन्ने खालको सामाजिक मान्यता रही आएको छ । यिनै माथि उल्लेखित सबै कारणहरूको आधारमा महिलाहरूको स्थितीलाई पुरुषसँग तुलना गर्दा एकदमै कमजोर देखिन्छ । जब कि राजनैतिक, सामाजिक, साँस्कृतिक विकासले कुनै पनि देश भित्र आर्थिक विकासलाई पछ्याई रहेको हुन्छ । यो सन्दर्भमा संयुक्त राष्ट्र संघद्धारा औपचारिक रुपमा कानुन सम्बन्ध महिलाहरूको स्थिती माथि आधारित भएर नियमहरू बनेका थिए । जसले महिलाहरूलाई उनीहरूको सामाजिक, आर्थिक जीवनमा समान अधिकार दिनलार्य प्रयास गरेको छ । साथै कानुनी रुपमानै आर्थिक, सामाजिक, शैक्षिक रुपमा देखिएका लैंगिक असमानतालाई हटाउनको निम्ती सुझाव प्रस्तुत गरेको छ ।

विकास प्रकृयामा महिलालाई संलग्न गराएमा आर्थिक क्षेत्रमा योगदान हुन्छ भन्ने कुरामा पञ्चायत काल देखि नै जोड दिन सुरु गरियो र अहिले सम्म यो जोड निरन्तर भई आएकोमा आश्चर्य मान्नु पर्दैन् । उदाहरणका लागि सन् १९७९ मा नेपालको सरकारी नीति मुल रूपमा राष्ट्रिय उत्पादकत्व बढाउनका लागि महिलाहरूको योगदान वृद्धी गर्न प्रयासरत थियो (अर्याल २०६७) । यसै गरि नेपालको जनसंख्याको ४८.८ प्रतिशत भाग महिलाले ओगटेका छन् तथा उनीहरू देशका सम्भावित श्रम शक्तिलाई पनि हुन् । त्यसैले यो उत्पादनशिल श्रमशक्तिलाई परिचालित गरियो भने उत्पादनको निरन्तर वृद्धिसँगै विकासको दर पनि बढाउन सकिन्छ । सातौं योजनामा यो तर्कसहित महिलाका लागि राष्ट्रिय नीति तयार

गरियो । साथै हालसालै गरीएका धेरै स्वतन्त्र अनुसन्धानहरूले पनि मानव संसाधनको उच्चतम उपयोगका लागि स्रोत तथा अवसरहरूको समतामुलक वितरण हुनु पर्दछ भन्ने कुरा औल्याएका छन् (आचार्य १९९५) । यो सोच अहिले सम्म पनि अरु नारीवादी सोचहरू भन्दा दह्रो गरी जमेर बसेको छ । सन् सत्तरी तथा असी को दशकमा महिलाहरूको आयमाण हुने योगदान र उक्त योगदान तथा घर भित्र आय आर्जन सम्बन्धी निर्णय प्रक्रियामा उनिहरूको सहभागिताका सम्बन्धमा गरिएका विश्लेषण तथा त्यस्ता विश्लेषणका लागि अपनाइएका विधिहरू नै अहिलेका महिला सम्बन्धी अनुसन्धानमा पनि हावी भएकाछन् भन्ने कुराले उदार नारीवादी सिद्धान्तको प्रभूत्वलाई प्रष्ट्याउँछ (Shtri Shakti 1995) ।

स्त्री शक्ति नेपालको सन् १९९३ मा गरेको अध्ययन अनुसार ग्रामीण क्षेत्रका महिलाहरूले प्रतिदिन १० घण्टा ३३ मिनेट काम गर्ने गर्दछन् । जबकि पुरुषले जम्मा प्रतिदिन ७ घण्टा १७ मिनेट मात्र काम गर्दछन् । शहरी क्षेत्रका महिलाहरूले ७ घण्टा ५५ मिनेट काम गर्दछन् । जब कि पुरुषले प्रतिदिन जम्मा ६ घण्टा काम गर्दछन् । चाहे शहरी होस् या ग्रामीण क्षेत्रका पुरुषले आफ्नो काम गर्ने समय मध्ये २०% भन्दा कम मात्रै समय घरेलु काम धन्दा र बिस्तारित आर्थिक क्रियाकलापमा बिताउने गर्दछन् भने शहरी तथा ग्रामीण क्षेत्रमा महिलाहरू ६०.४२% समय घरेलु कामधन्दामा खर्च गर्दछन् भनिएको छ । त्यसैले हाल कुनै पनि विकासका योजना गर्दा होस् या विकासका प्रयासहरूमा समाहित गर्ने मान्यताको विकास हुँदै आएको भएतापनि अपेक्षित उपलब्धीबाट भने हरेक विकास प्रयासहरू टाढै रहने गरेका छन् । महिला सशक्तिकरणका लागि पनि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट पनि विभिन्न प्रयासहरू भएता पनि लैङ्गिक विभेदपूर्ण स्थितिमा भने सुधार आएको छैन । किनभने निती निर्माण तहमै पुरुषको बाहुल्यता छ । यदि न्यून महिलाहरूको प्रतिनिधित्व भैहाले तापनि हुनेखाने वर्गका महिलाहरूको सहभागिता हुने भएकोले वास्तविक कठिन जीवन व्यतित गर्ने महिलाहरू भने उक्त निती तथा कार्यक्रमबाट बन्चित हुन बाध्य छन् । यसरी हेर्दा नेपाली महिलाहरूको स्तर माथि उठ्न नसक्नुमा समाजका रितीरिवाज, परम्परा, मूल्य, मान्यता, प्रथा आदि प्रमुख जिम्मेवार देखिन्छन् (श्रेष्ठ र अन्य साथिहरू, २०६६) ।

त्यस्तै गरि विश्वका महान् विचारक देखि लिएर प्रमुख धर्मशास्त्रहरू समेत महिलाहरू प्रति पूर्वाग्रही देखिन्छन् । अरस्तु भन्दछण्न् “पोथिको आत्मा हुँदैन” महिलाहरूको शरीर कमजोर

भएकोले नै उनीहरूको योग्यता पनि कमजोर भएको हो । त्यसै गरि सिग्मण्ड फ्रायड भन्दछन् “महिलाहरूका शरीर नै भाग्य हो ” । त्यस्तै गरि धार्मीक दृष्टिकोणमा हेर्ने हो भने हिन्दु, बौद्ध, इश्लाम, क्रिश्चियन आदि धर्मशास्त्रले पनि लैङ्गिक विभेदलाई प्रोत्साहन दिइरहेको छ । प्रशिद्ध धार्मिक ग्रन्थ बाइबलका अनुसार “केटी र आइमाईलाई समान दयाभाव राख्नु पर्दछ ।” त्यस्तै गरि हिन्दु धर्मशास्त्र मनु भन्दछन् “आइमाईलाई बाल्यकालमा बाबुले, यौवन कालमा लोग्नेले, बुढेसकालमा छोराले नियन्त्रणमा राख्नुपर्दछ” । यि कुराहरूका आधारमा हामी के भन्न सक्छौ भने विश्वका महान विचारक देखि प्रमुख धर्मशास्त्र पनि समानताको पक्षमा देखिदैनन् । विश्वका अधिकांश समाजमा पुरुषको तुलनामा महिलाहरूको भूमीका बढि देखिन्छ । पुरुषहरू खासगरि उत्पादन तथा सामाजिक भूमीकामा संलग्न हुन्छन् भने महिलाहरू यि दुबै भूमिकाको साथसाथै जैविक रूपमा पनि पुनर उत्पादक भूमीकामा संलग्न हुन्छन् । साथै भ्रुण अवस्था देखि नै विभिन्न यातना, अपमान, घृणा आदि भोग्नु पर्ने स्थिति देखिन्छ । यसबाट महिलाहरूको मानव अधिकारको अवहेलना भैरहेको स्थितिलाई स्वीकार्न हामी बाध्य छौ । हुनत महिलाका पक्षमा विभिन्न सन्धि सम्झौता नभएका पनि होइनन् । जस्तै संयुक्त राष्ट्र संघको वडा पत्र १९४५, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, महिला विरुद्ध भेदभावका सबै स्वरूपहरूको उन्मुलन विषयक संयुक्त राष्टण संघीय सन्धी १९७९, शैक्षिक भेदभाव विरुद्धको युनेस्को सन्धी १९६२ लगायत विभिन्न सन्धी सम्झौता भेला निकै अगाडि देखि भएता पनि समस्या यथावत नै छ (श्रेष्ठ र अन्य साथीहरू, २०६६) ।

नेपालमा २,६४,९४,५०४ नेपालीको बसोबास छ जसमा १,८८,४९,०४१ पूरुष छन् र १,३६,४५,४६३ महिला जनसंख्या छ । जस अनूसार लैङ्गिक अनूपात ९४.२ जना, जनसंख्या बृद्धि दर १.३५ प्रतिशत, जनघनत्व १८० जना ( प्रतिवर्गकिलो मिटर), औषत परिवारको आकार ४.८८ जना, १५–४९ बर्ष सम्मको उमेर समहूको जनसंख्या ५६.९६ प्रतिशत, १४ बर्ष भन्दा मूनि उमेर समूहको जनसंख्या ३४.९४ प्रतिशत, ६० बर्ष भन्दा माथिका ८.१३ प्रतिशत र परिवार संख्या ५४,२६,३०२ रहेको छ । साक्षर महिलाको संख्या ५७.४ प्रतिशत, पुरुष ७४.१ प्रतिशत छ भने कूल ६५.९ प्रतिशत मात्र छ (के.त.वि,२०६८) । उच्च शिक्षा हासील गर्नेको संख्या अझ न्यून छ । प्रत्येक प्राथमिक बिधालयमा एक शिक्षिका अनिवार्य नितिले प्राथमिक तहमा भने त्यसको राम्रो प्रभाव परेको छ । माध्यमिक तहमा ६,२७१ र नि. मा. वि. तहमा

१३,२३६ महिला कार्यरत छन् । निति निर्माण तहमा महिलाको पहुंच खासै छैन । महिलाको श्रम बाट ६० प्रतिशत उत्पादन हुने गरेको पाइन्छ तर महिलाको स्वामित्व भएको घर परिवार वा घर र जमीन दुवै भएका नेपाल अधीराज्यमा ५,८०,७५७ रहेको छ भने जमिन मात्र भएका ४,८८,३१४, दुवै नभएका ४३,१०,५६० र केही खुलेका ४३,६६६ मात्र छ । घरमुलीका रुपमा महिलालाई हेर्दा २५.७३ पतिशत मात्र रहेका छन् । यस क्षेत्रमा पनि समावेसीको नाममा राखीएको महिलाको समानुपातिक संख्या पुरुषको तुलनामा नगन्य छ (के.त.बि, २०६८) ।

पितृसतात्मक सामाजिक संरचनाले गर्दा देशको सामाजिक, आर्थिक क्षेत्रमा उल्लेखनिय योगदानकर्ताको रूपमा रहेका अधिकांश महिलाहरूले विभिन्न सामाजिक, सांस्कृतिक एवं राजनैतिक क्षेत्रमा असमानता तथा नेपालको कुल जनसंख्याको आधा धर्ती महिलाले ओगटेतापनि राज्य संरचनाले सबै भेदभावको शिकार बन्नुपरेको कुरा नेपाली समाजको तितो यथार्थ हो । नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिला अधिकारका विषयहरूलाई मौलिक हकको रूपमा मान्यता दिएता पनि ती व्यवस्थाहरूको उचित कार्यान्वयनको अभावमा महिला र पुरुष बीच समता र समानताको अवस्था कायम हुन नसकि समस्या यथावतै रहेको यस क्षेत्रमा गरिएका धेरै अनुसन्धानहरूले के देखाउँदछ भने महिला बालिकामा गरिने लगानिले गरिबी निवारण र राष्ट्रको समग्र समृद्धिमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्दछ । वर्ल्ड इकोनोमीक फोरमले आफ्नो लैङ्गीक विभिन्नता सम्बन्धी Gender Gap प्रतिवेदनमा विभिन्न देशमा आर्थिक एवं राजनीतिक सहभागिता र शिक्षा तथा स्वास्थ्यमा पहुँचको सन्दर्भमा महिला र पुरुषबीचको विभेद भ्रूण्डै समाप्त भैसकेको देशहरू आर्थिक रूपमा अरुभन्दा समृद्ध छन् भन्ने यथार्थलाई उजागर गरिसकेको छ (प्रधान :२०६८) ।

आफुमाथि स्थापित नियन्त्रण र शोषणको प्रतिकार गर्नका लागी निर्मीत ब्याक्तिको क्षमतामा बृद्धि गर्नु नै शशक्तिकरण हो । (पौडेल, बि.सं. २०५८) नेपालका हरेक क्षेत्रका महिला बर्ग पुरुषहरुको चरम शोषणमा बाँच्न बाध्य भइरहेको यथार्थताको कारण बिकास गतिबिधिका लागी महिला सशक्तिकरणको आवश्यकता टडकारो देखिन्छ । यसरी हेर्दा विभिन्न समुदायमा केही बर्ष यता आमासमूहहरु गठन भएको पाइन्छ । नेपालमा कर्यरत सघंसस्था हरुले विकासका गतीबिधीहरु संञ्चालन गरीरहेको र अर्कोतिर यसबाट ग्रामीण र शहरी गरीबी अशातित रुपमा घट्न नसकेको पनि पाईन्छ । झनै कमजोर महिला वर्ग त यस किसिमको

विकास गतिबीधिको लक्षित समुहमा नै परेनन् । यसै सन्दर्भमा नेपाली महिलाहरुको अर्थिक र सामाजिक स्तर उकास्नका लागी महिला उन्मुख आर्थिक गतीविधि को आवश्यक्ता महसुस गरीयो, जसमा स्वएंम उनिहरुको संम्लग्नता र नेतृत्व रहोस अनि जसबाट उनिहरु सशक्त बनुन । यहि परीप्रेक्ष्यमा हालसम्म महिला उन्मूख आयमुलक कार्यक्रमहरुले निकै नै विकसीत हुने मौका पाएको देखीन्छ । आमा समुह पनि यस्तै आयमुलक गतिबिधिको रुपमा अगाडी आएको आर्थिक कृयाकलाव हो (फूयाल, २०६०) ।

विशेषतः ग्रामीण वा शहरी भेगमा संञ्चालित महिलाहरुको अनौपचारीक संगठनलाई आमा समूह भनिन्छ । विबाहित महिलाहरु सदस्यता प्रणालीद्धारा आवद्ध भई टोलिगत र सामुदायिक क्रियाकलाप तर्फ केन्द्रीत हुन्छन् । आफ्नो सामुहिक भलाईका लागी अर्थिक गतिवीधि संचालन गरी कोष संकलन तर्फ यस्तो समूह बढी हुने गर्दछ । गुरुङ्ग समुदायका महिलाहरुको सास्कृतिक नाच “रोदी” बाट वर्तमान आमा समूहको प्रादुर्भाव भएको बताईन्छ ( गुरुङ्ग, सन् १९९८) ।

नेपालमा वि. सं. २०५४ भाद्र २२ देखि तत्कालिन श्री ५ को सरकार, संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम (UNDP) र संयुक्त राष्ट्र संघिय मानव विकास केन्द्र (UNCNS) को संयुक्त प्रयासमा गाउँ नगर साझेदारी विकास कार्यक्रम (RUPP) प्रारम्भ भयो । यस क्रममा २०५५ असार देखि हेटौंडा नगरपालिकाले समुदायिक विकास तथा वातावरण समिति र आमा जागरण समूह संस्थाहरु गठन गरि यी संस्थाहरु मार्फत हेटौंडा नगरपालिका क्षेत्र भित्रका जनजाति, दलित तथा महिलाहरुको सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरेर विकासको मूल प्रवाहमा ल्याउने कार्यनिति ल्याएको छ *(हेटौंडा नगरपालिका बुलेटिन, २०५६)* । हाल, महिला विकास कार्यक्रम, नारी सिप विकास केन्द्र, आमा समूह, सामुदायिक महिला अभिमुखिकरण अभियान हेटौंडा नगरपालिकाको विशुद्ध महिला सशक्तिकरणसँग सम्वन्धित संस्थाहरु हुन् । यिनै संस्थाहरुबाट सीपमूलक तालिमहरु, जनचेतना अभिवृद्धि गर्ने विविध कार्यक्रमहरु सञ्चालन महिला सशक्तिकरणका लागि गरिने गरेका छन् ।

## १.२. समस्याको कथन

महिला सशक्तिकरण महिलाभित्रको आन्तरिक शक्तिको प्रयोग गर्ने क्षमता विकाससंग सम्बन्धित कुरा हो । महिलाले आफूभित्रका शक्ति (क्षमता) लाई प्रदर्शन गर्ने अवसर प्राप्त गर्नु पर्दछ, त्यस्तै किसिमको वातावरणीय अनुकुलता प्राप्त हुनु पर्दछ, तिनका आन्तरिक शक्तिलाई तिनीहरुले सामाजिक हित हुने कार्यहरुमा प्रयोग गर्दछन् । आजको २१औं शताब्दिमा पनि महिलाले आफ्नो शक्तिलाई घरेलु कामधन्दा, शिशु स्याहार, अनुत्पादनशिल कार्य, कृषि, मजदुरी जस्ता कार्यहरुमा सिमित गर्नुपरेको छ भने महिलाको उत्पादनमूलक कार्यको कम मूल्यांकन गरी शोषण गरिएको छ जसले गर्दा महिलाहरु पुरुषभन्दा निकै पछाडि परेका छन् ।

उन्नति प्रगतिका अवसर मात्र होईन, शिक्षा, स्वाथ्य , रोजगारी र अझ भनौं परीवारको सुख शान्ति र घर भन्ने बिषय महिला बिना संभव छैन । यद्यपी तेस्रो बिश्वमा त्यसमा पनि दक्षिण एसीयामा महिलाको हालत सबै भन्दा खराब छ । नेपाली समाजमा महिला प्रतिको विभेद केहीदिन अघि सम्म कहाली लाग्दो थियो । यति बेला पनि हालत सुध्रिएको छैन । महिला हरुलाई सधै पछाडी पारीयो, पारीने संभावनाहरु खोजिदैछ, यसो हुनका अनेकौ कारणहरु छन् । पहिलो र महत्वपुर्ण कारण हो सदीयौं देखीको पितृसतात्मक सोच, त्यस अनुसारको सम्पति माथिको पितृसतात्मक नियन्त्रण र बितरण अनि राज्यको सामन्ती संरचना (रोक्का, २०६५) ।

त्यस्तै लैङ्गिक हिसाबले हेर्दा नेपाली महिलाहरु कतीपय स्थानमा र समाजमा सन्तान उत्पादन गर्ने मेसीनमात्र हुन् जस्तो देखीएको छ भने अर्को तर्फ सती प्रथा र दास प्रथा हाम्रो समाजका उपज हुन । बहुबिवाह पनि हाम्रो समाज भित्रका चालचलन हुन् । जुवा तास र मध्यपान वा रक्सी सेवनले हाम्रो मुलुकमा राष्ट्रिय रुपमा महत्व पाइसकेको छ । शान्तिका प्रतिक महीलाहरु मथि अत्याचार र शोषणले सीमा नाघेको अवस्थामा महिलाहरु अहीले आएर आमा समुह मार्फत संगठीत भएका छन् । सुदूरपश्चिमका ठाउँहरुमा जस्तै वैतडी, धनगडीका केही क्षेत्रलाई रक्सी निशेधित क्षेत्र घोषणा गरेका छन् । जुवा तास खेल्नेलाई समूहका सदस्यहरु मिलेर हटाएका छन् भने अर्को तर्फ आमा समूह विकास निर्माण तर्फपनि लागेका छन् । गाउँमा स्कुल खोल्ने, बाटो निर्माण गर्ने, खानेपानिको बितरण, सरसफाई, जनचेतनामूलक काममा समेत लागी परेका छन् (गूरुङ्ग, २०५५) ।

नेपाली समाजमा महिलाहरु सतप्रतिशत नै पछाडि परेका छन् भन्न चाहिं मिल्दैन । अल्पसंख्यक महिलाहरु राजनितिक, सामाजिक रुपले केहि सक्रिय पनि देखिन्छन् । तर ती महिलाहरुले सर्म्पूण महिलाहरुको प्रतिनिधित्व गर्न सकिरहेको अवस्था भने छैन । सबै जात, वर्ग र क्षेत्रका महिलाहरुको  प्रतिनिधित्वको खांचो छ । वर्तमान अन्तरिम सवैंधानिक अवस्थामा महिला वर्गहरुको माहोल बन्दै गैरहेको छ । भविष्यमा महिलाले पुरुष सरह काम गर्न नसक्लान् भन्ने छैन । त्यसका लागि बहुसंख्यक महिलाहरुका लागि सशक्तिकरण गर्ने विभिन्न कार्यक्रमहरु, बजेटहरु, तालिमहरु, सचेतनाहरु र सहभागिताको आवश्यकता छ । यिनै सन्दर्भमा यस अनुसन्धान लेखन कार्य केन्द्रित गर्ने प्रयास गरिएको छ । हेटौंडा उपमहानगरपालिका अध्ययन क्षेत्र तोकिएको यस उपमहानगरपालिका भित्र रहेका २९ वटा वडाहरुमध्ये शहरी बसोवास परिवेश र ग्रामिण बसोवास परिवेशबाट १/१ वडा गरी जम्मा २ वटा वडाहरुलाई नमुना छनौट गरी त्यसभित्रका आमा समूहहरु मध्ये ५०/५० गरी जम्मा १०० जना महिलाहरुलाई जातियता, वर्गीयताको आधारमा छनौट गरिएको छ ।  महिला समूहको सक्रियतामा सञ्चालन गरिएका कार्यक्रमहरुको नगरका महिलाहरुले कत्तिको उपयोग गर्न र उपभोग गर्न सकेका छन् भन्ने बारेमा अध्ययन केन्द्रित गर्ने उद्देश्यसहित अनुसन्धान गरिने जमर्को गरिएको हो । यस अनुसन्धानले निम्न प्रश्नहरुको जवाफ प्राप्त गर्ने लक्ष्य राखेको छ :

१. आमा समूहका महिलाहरुले आफ्नो आन्तरिक क्षमाताको प्रस्फुटन गर्न कस्ता कस्ता अवसर प्राप्त गरेका छन् ?

२. महिलाको आन्तरिक शक्ति प्रस्फुटन गराउनमा आमा समूहले के कस्तो सहयोग पुऱ्याउन सकेका छन् ?

३.आमा समूहले उपलब्ध गराएका अवसरहरुको महिलाहरुले के कसरी उपयोग गरेका छन्  र त्यसको प्रभाव कस्तो रहेको छ ?

## १.३. अध्ययनको उद्देश्य

- हेटौंडा उपमहानगरपालिका वडा नं. ४ र २९ मा महिला सशक्तिकरणका लागि आमा समुहद्वारा  हालसम्म गरिएका प्रयासहरु र त्यसको अवस्था पत्ता लगाउने ।

- आमा समूहका कार्यक्रमबाट महिलाहरुमा परेको प्रभावको अध्ययन गर्ने ।

## १.४. अध्ययनको महत्व

नेपाली समाजमा समग्रमा महिलाको निर्णय अधिकार पुरुषको तुलनामा कमजोर छ । यस माथि पनि नेपाली समाज जहाँ हरेक क्रियाकलाप साँस्कृतिक परिवेश, धर्मले नियन्त्रण गरेको हुन्छ । यस अध्ययनले शहरी र ग्रामीण क्षेत्रका महिलाको घरायसी निर्णय अधिकारमा कस्तो भूमिका रहेको छ भन्ने कुरा पत्ता लगाउन मद्धत गर्नेछ । किन निर्णय गर्नुपर्ने क्रियाकलापमा महिला पछि छन् र त्यसलाई प्रभाव पार्ने मुख्य तत्वहरूको बारेमा जानकारी पाउन सकिनेछ । पिछडिएका क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक, स्थिति र त्यसबाट विकासमा पारेको प्रभाव बारे जानकारी पाउन यो अध्ययन महत्वपूर्ण हुनेछ । वर्तमान अवस्थामा लैङ्गिक विभेद कम गर्ने प्रयास स्वरूप तथा महिलालाई विकासको मूख्य खाकामा उभ्याउने सोचबाट यस्तो क्षेत्रमा NGO-INGO हरूले महिला सशक्तिकरण सम्बन्धी विभिन्न क्रियाकलाप संचालन गर्न त्यहाँका महिलाको वास्तविक अवस्था, समस्या, सुधारका उपायको खोजी गर्दै सान्दर्भीक योजना संचालन गर्न पनि यस अध्ययनले सहयोग पुऱ्याउनेछ । हुन त यस प्रकृतिका अध्ययन अन्यत्र पनि भएका हुनसक्छन् । तर समान उद्देश्यको लागि भने अवश्य भएका छैनन् । फेरि विविधतायुक्त नेपाली समाजमा अन्यत्र गरिएको अध्ययनले सम्पूर्ण समाजको प्रतिनिधित्व पनि गर्न सक्दैन । त्यसकारण वास्तविक तथ्य, समस्या तथा समाधानका उपाय खोज्न मद्धत पुग्नेछ । यस बिषयमा अध्ययन गर्नु भनेको खाली महिलाको संख्या, कतिजना शिक्षित छन् भन्ने कुराको तथ्यांक मात्र पेश गर्नु नभएर उक्त तथ्यांकहरू प्राप्त हुनुका पछाडि के कस्ता जिम्मेवार सामाजिक, सांस्कृतिक तत्वहरूले निर्णायक भूमीका खेलिरहेको हुन्छन् वा उक्त तथ्यांक कसरी समाजको सामाजिक, सांस्कृतिक, आर्थिक आदि परिवेशसँग सम्बन्धित छ भनेर विश्लेषण

गर्नुसँग केन्द्रीत रहन्छ र रहनुपर्दछ । जो एक समाजमा परिवारभित्र महिलाको अन्तरसम्बन्धको चिरफार गर्नु पनि हो । त्यसैले यस अध्ययनले समाजशास्त्रीय ज्ञानको उक्त अन्तराललाई परिपूर्ती गर्ने आशा लिइएको छ र यो एक समाजभित्र घट्ने घटनाको महत्वपूर्ण समाजशास्त्रीय अध्ययन हो ।

महिला सशक्तिकरण आजको आवश्यकाता हो । विश्वस्तरका साथै नेपालमा पनि सम्पूर्ण जनसंख्याको झण्डै आधा संख्या महिलाको रहेको पाईन्छ । यसरि आधा जनसंख्या ओगटेको महिलाले देश विकासको आधा हिस्सा जिम्मेवारी पनि बोकेको हुन्छ । पुरुषले मात्र सबैथोक गर्छु भनेर हुदैन, साथमा महिलाको पनि सहयोग र सहभागिताको अत्यन्त जरुरी छ । तसर्थ महिलामा देखिएका कमीकमजोरीहरुलाई नितान्त गहन तरिकाले अवलोकन, विश्लेषण गरेर के कस्ता उपायहरु अवलम्वन गरेर महिला सशक्तिकरण गर्न सकिन्छ, जसले महिलाभित्रको आन्तरिक शक्तिको उजागर हुन सकोस् र त्यसले समस्त विकासमा टेवा दिन सकोस् । त्यसका लागि देश, समाज, क्षेत्रीय एवं स्थानिय तवरबाट विभिन्न कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, उपयुक्त कार्यान्वयन प्रक्रिया सञ्चालन गर्ने, ठूलो सफलता प्राप्त गर्नेतर्फ लाग्नुपर्ने जरुरी छ । यो भन्नुको तात्पर्य महिला सशक्तिकरण नै सबैभन्दा मुख्य केन्द्र हो जसबाट नै विकास सम्भव छ । यसर्थ यस "आमा समूहका महिलाहरु बिच सशक्तिकरण सम्वन्धि एक तुलनात्मक अध्ययन" शीर्षकको अनुसन्धान लेखनको पनि महत्व निकै रहेको छ । सम्पूर्ण देशलाई समेटन नसके पनि देशभित्रको एउटा नगर र नगर भित्रको २ वटा वडाहरुलाई समेटेर अध्ययन गर्न खोजेको छ । त्यसैले यस अध्ययनले विकासमा योजना बनाउन एउटा मार्ग देखाउन सक्दछ । यसले महिलाको वर्तमान अवस्थाको पहिचान गराउंछ । के कस्ता कार्यक्रमले के कसरी महिलाहरुलाई सशक्त बनाउन सक्दछ ? भावि योजना तर्जुमा गर्दा कस्ता कार्यक्रमहरु महिला सशक्तिकरणका लागि आवश्यक छ ? भन्ने निर्णय गर्नका लागि पनि सघाउ पुऱ्याउंदछ । साथै यसले जिल्ला विकास समिति, योजनाकार र अन्य सरोकारवालाहरु समेतलाई केहि न केहि सहयोग पुऱ्याउंन सक्ने विश्वास गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको अध्ययन

नेपाली समाजमा महिलाहरुलाई समावेश गराइ सामाजीक, आर्थिक र राजनैतिक असमानता हटाउन र महिलाहरुलाइ मूल धारमा ल्याउन सशक्तिकरण र समानतामा ध्यान दिनुपदर्छ । न्यायसंगत रुपमा आर्थिक स्रोत र राजनैतीक शक्तिमा महिलाहरुको पहुँच पुऱ्याई महिलाहरुलाई सशक्तिकरण गरि लैङ्गीक विभेद र सामाजिक अन्यायलाई हटाउन सकिन्छ ( बज्रचार्य ,२००५) ।

महिला सशक्तिकरण आफूमाथि स्थापित नियन्त्रणको प्रतिकार गर्नका लागी व्यक्तिको क्षमता वृद्धि गर्नुसँग सम्बन्धित छ । निर्णय प्रक्रियामा पहुंच नभएकालाई निर्णय प्रक्रियासम्माको तहमा पुऱ्याउनु, कमजोर मानिसको पहुंच राजनीतिक संरचना, निर्णय प्रक्रिया, आर्थिक गतिविधि र बजार व्यवस्थासम्म पुऱ्याउन सक्नु नै सशक्तिकरण गर्नु हो । वास्तवमा एउटा ब्यक्तिलाई राज्य र सामाजिक संरचनाको हस्तक्षेपविना उपलब्ध अवसरहरुको बढिभन्दा बढि प्रयोग गर्न सक्ने अवस्थामा पुऱ्याउनु नै यसभित्र यस्तो प्रक्रियाहरु पनि आउँछन् जस्ले महिलालाई आफू सक्षममात्र होईन आफूभित्र आन्तरिकीकरण भएको दमनलाई बुझ्न र प्रतिरोध गर्न सक्षम तुल्याउँछ । त्यसैले सशक्तिकरण भनेको आन्तरिकीकरण भएको दमनलाई बुझ्न र त्यसको प्रतिरोध गर्न सक्ने क्षमताको बिकास हो (पौडेल ,२०५९) ।

नेपाली महिलाहरुको अवस्था, कानुनी स्थिति, महिलाप्रति समाजको धारणा, धर्मको आधारमा विकास भएका विकृतिहरु हेर्दा वर्तमान अवस्थामा पुरुषको अवस्था निकै दयनिय रहेको छ । सन् १९४८ मा संयुक्त राष्ट्र संघले विश्वब्यापी मानवअधिकारको घोषणा गरे । नेपालले त्यसमा सहमति जनाए पनि पुरुषको दाँजोमा महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक दृष्टिकोणले पछाडी परेको मात्र नभई शोषित, पीडित पनि भएका छन् । सम्पत्तिमा पुरुषको अधिकार, महिला भएकै कारण श्रमको मूल्याङ्कन कम गरिनु, महिला-महिला वीचमै पनि भेदभाव गरिएको छ (ओझा, २०६४) ।

लैङ्गिक असमानताका तत्वहरू लैङ्गिकको सामाजिक संरचना, लैङ्गिक श्रम विभाजन, सार्वजनिक र निजी क्षेत्रमा मुल्य र व्यवहार, पितृसतात्मक विचार धारा रहेका छन् । महिलाहरूलाई निजी क्षेत्रको उतरादायित्व बहन गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने पुरुषहरूलाई सार्वजनिक क्षेत्रको कामको पहुँचमा महत्व दिइन्छ । उदार महिलावादीहरू सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा शक्ती, स्तर, प्रगतिका अवसरहरू र आत्मसन्तुष्टी पनि हुने उल्लेख गर्दछन् । यसरी सम्मानपूर्ण सार्वजनिक पेशाहरूबाट महिलाहरूलाई अलग गरिएका लैङ्गिक असमानताको स्थिति सृजना भएको उद्धार नारीवादको तर्क छ । उदार नारिवादले महिला र पुरुष दुबैलाई आफ्ना जीवनशैली छनोट स्वीकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ । छनोट स्वतन्त्रता, अवसरको स्वतन्त्रता आदि मुद्धाहरू उदार नारीवादीहरूले उठाएका छन् (ओभ्का, २०६३) ।

विभिन्न साहित्यहरुले समाजमा महिलाहरुलाई घरेलु, शक्तिहीन र सहयोग विहीन रहेको देखिएको छ । महिलालाई संसारले “Taken for Granted” को रुपमा लिएको छ । यसबाट महिलाहरु कमजोर भएको पुष्टि हुन्छ । महिलालाई साक्षारताको माध्यमबाट सशक्तिकरण गर्न सकिन्छ । साक्षरताले महिलालाई घरायसी जीवनयापनका कामबाट स्वत्रन्त्र र सामाजिक रुपान्तरणका लागि योगदान पुऱ्याउँछ (लुईटेल, १९९६) ।

डा.लुईटेलको अध्ययन साक्षरताले ब्यक्तिमा लुकेको क्षमताको प्रस्फुटन गर्ने र त्यसले आत्मविश्वासको विकास गर्दछ भन्ने दर्शनमा आधारित गरिएको छ । अध्ययनमा मैथली महिलाहरुमा निम्न परिवर्तनहरु भएको उल्लेख गरिएको छ- नेपाली भाषा सिकेर स्व व्यक्त गर्ने क्षमता वृद्धि र महिला समूह निर्माण गरी काम गर्ने । साक्षरतालाई सशक्तिकरणको स्रोतको रुपमा निम्न आधारमा ब्यक्त गरिएको छ- सामाजिक र राजनैतिक अवस्थामा परिवर्तन, आर्थिक अवस्थामा परिवर्तन र मनोवैज्ञानिक परिवर्तन ।

अध्ययनको निश्कर्षको रुपमा निम्न कुराहरु दिइएको छ- साक्षरता, सशक्तिकरण प्रक्रियाको रुपमा, जान्ने आईमाईको रुपमा परिवर्तन भएको, साक्षरतालाई ज्ञान आर्जन गर्ने रुपमा हेर्ने, पढ्ने, लेख्ने र अंकगणित सिकेको, छलफलवाट कुनै पनि कुराको निर्णयमा पुग्ने सचेत आत्मविश्वासी दृष्टिकोणको विकास, आर्थिक सम्पन्नतातर्फ उन्मुख । महिलाको

कार्यक्रममा पुरुषको अपरिहार्य, सशक्तिकरण कार्यक्रममा बुहारीहरुको सहभागिता हुनुपर्ने, युवती एवं बुहारी महिलाहरुलाई विशिष्ट कार्यक्रमहरुको अवसर उपलब्ध गराउनुपर्ने राय दिईएको छ ।

महिला सशक्तिकरण भन्नाले नारीलाई कुनै शक्ति प्रदान गर्ने नभई नारीभित्रकै शक्तिलाई कसरी उजागर गर्ने भन्नेसंग सम्बन्धित कुरा मात्र हो । नेपालको सन्दर्भमा प्राचीनकालदेखि नै महिलाहरु सशक्त भएर लागीपरेका छन् । उनीहरुले समाजमा विकृति फैलाएका छैनन् बरु समाजलाई सघाएका छन् । महिला सशक्त भए परिवार सशक्त बन्छ, परिवार सशक्त भए समाज सशक्त वन्छ । आधा धर्ति छोपेका, आधा आकाश ओगटेका महिला संख्या सशक्त हुनै पर्दछ । त्यसैले महिला सशक्तिकरणको अनिवार्यता आजको आवश्यकता हो । (शर्मा, २०५५) ।

महिला सशक्तिकरण भन्नाले महिलाहरूमा अर्न्तनिहित सामर्थ्यको बोध हुन गई उनीहरू भित्र लुकेको ज्ञान, सीप र क्षमतालाई जनसमक्ष ल्याई विकास प्रकृयामा पुरष सरह समानरूपमा सहयोगी भई आफ्नो हक, हित र अधिकारका लागि समाजमा विद्यमान कुरिती र भेदभाव विरुद्ध लड्न सक्ने क्षमताको विकासनै महिला शस्क्तीकरण हो । यो आफैमा स्वसिर्जीत पनि हुन सक्छ । महिला शसक्तीकरण महिलाहरूको सामाजिक, आर्थिक, राजनितिक समस्यासँग सम्बन्धीत रहेको पाइन्छ । शसक्तीकरण प्रकृयाले गर्दा विपन्न वर्ग र महिलाहरूको सामाजिक संरचनामा रहेको शोषणका बारेमा प्रश्न उठ्न सक्छन् । यस प्रकृयाले पुरुषलाई पनि परिवारको पालनपोषणमा म मात्र जिम्मेवार छु भन्ने मानसिक बोझ हट्छ । अर्को कुरा महिला हिंसा र शोषणका विभिन्न कारणहरूमा पुरुषको जुन संलग्नता छ । त्यो महिला सक्षम भएपछि पुरुषको हकमा कम हुन्छ । महिलाहरू दबिएर रहेको स्थितिमा महिलामा बढि मात्रामा हिंसाका घटना भएका छन् । जब महिलाहरू सक्षम र सबल हुन्छन् पुरुषहरू पनि महिलाहरूमा कुटपिट र शोषण गर्न छाड्दछन् । लाञ्छनाबाट मुक्त हुन्छन् (श्रेष्ठ तथा अन्य, २०६६) ।

विश्व बैंकको नीतिगत अनुसन्धान प्रतिवेदन (२०००) ले लैङ्गिक विभेद हटाउन र लैङ्गिक समानता र आर्थिक बृद्धि बढाउन संस्थाहरुको सृजना गरी रणनीतिहरु तयार गर्नु पर्दछ ।

महिला वालबालिका र समाज कल्याण मन्त्रालय र राष्ट्रिय योजना आयोगले महिला कार्यक्रम- बेइजिङ कार्यमंच र स्रहश्राब्दी विकास लक्ष्यहरु (२०००) लाई नेपालको राष्ट्रिय

कार्ययोजना अन्तर्गत कार्यान्वयन, पर्यवेक्षण र अनुगमन गर्न थाल्यो । केहि लक्ष्यहरु महिला सशक्तिकरणसंग सम्बन्धित छन् ।

- अति गरिबी तथा भोकमरी उन्मुलन
- सबैका लागि प्राथमिक शिक्षा
- लैंगिक समता अभिवृद्धि तथा महिला सशक्तिकरण
- बालमृत्युदर न्युनिकरण
- मातृस्वास्थ्यमा सुधार
- एचआईभी एड्स, औलो तथा अन्य रोग विरुद्ध संघर्ष
- वतावरणिय दीगोपनको सुनिश्चितता

ICPD(1994) को अध्ययाय एघारमा दिगो विकासमा शिक्षाको मुख्य भुमिका रहेको वताएको छ । शिक्षाले प्रजनन, रुग्णता र मृत्यु लाई कम गर्न सहयोग गर्दछ । महिला र किशोरीहरुको शैक्षिक अवस्थामा बृद्धि गरिएमा महिला सशक्तिकरणको माध्यमबाट ढिलो विवाह र परिवारको आकार नियन्त्रण हुन्छ (ICPD 1994) ।

नेपालमा प्रजननको तहको प्रत्यक्ष सम्वन्ध महिलाको शिक्षामा रहेको सम्लग्नता संग छ । प्रजननको अवस्था तिव्र रुपमा घटदो कममा रहेको छ । जहाँ महिलाको शैक्षिक अवस्था SLC वा सो भन्दा माथि छ त्यहाँ प्रजनन दर १.८ छ भने जहाँ शिक्षाको पहुँच पुगेको छैन त्यहाँ महिलाको प्रजनन दर ३.९ रहेको छ (MOPH 2006) ।

संख्या तथा स्वास्थ्य मन्त्रालय, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, WHO, UNICEF, UNFPA, USAID, GTZ लगायत अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुले महिलाको शिक्षामा राम्रो पहुँच पुऱ्याउन, ढिलो उमेरमा विवाह गर्न र उच्च स्तरको जीवनयापनको लागि आफ्नो कार्यक्रम गरिरहेका छन् । जसले सुरक्षित मातृत्व र प्रजननमा प्रत्यक्ष प्रभाव पारि महिला सशक्तिकरणमा सहयोग पुऱ्याउँछ (MOHP, 2006) ।

त्रिवर्षीय योजना (२०६७।६८-२०६९।७०) ले महिलाको मुलभूत र समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण र लैङ्गीकरूपले समावेशी तथा समतामुलक नयाँ नेपालको निर्माण गर्ने दीर्घकालिन सोच राखी सोको कार्यन्वयनका लागि स्थानिय तहदेखि राष्ट्रीयतह सम्मका निति निर्माण तथा निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत सुनिश्चित गर्न नीतिगत, कानून सुधार एवं सकारात्मक कार्य गर्ने नीति अख्तियार गरेको छ । यस योजनाले लैङ्गीक विकास सुचाङ्क ०.५९२ मा पुर्‍याउने र लैङ्गीक शसक्तीकरण मापन ०.४५० मा पुर्‍याउने र नीति निर्माणमा महिला प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत पुर्‍याउने परिमाणात्मक लक्ष्य लिएको छ ।

संयुक्त राष्ट्र संघले सन् १९७६-१९८५ को दशकलाई महिला दशकको रुपमा घोषणा गरे । नेपालले छैठौं योजना (१९८१-१९८६), सातौं योजना र आठौं योजनामा क्षेत्रगत योजना अन्तरगत महिला सहभागितामा जोड दियो । चौथो विश्व महिला सम्मेलन बेइजिङ (१९९५) ले “बेइजिङ कार्यमञ्च” लैङ्गिक मूल प्रवाहिकरण, समानता र सशक्तिकरणको घोषणा गर्‍यो । नेपालको नवौं योजना देखि महिलाहरुलाई मूल प्रवाहमा ल्याउने रणनीति र कार्यक्रम बनाउन थाल्यो ।

“महिला सशक्तीकरणको लागि संयुक्त राष्ट्र वडापत्र र दस्तावेजहरूमा जस्तै नैरोवी अग्रदर्शी कार्यनिती (१९८५), महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मुल गर्ने राष्ट्रसंघीय महासन्धी जकार्ता घोषणा (१९९४), बेजिङ्ग घोषणा (१९९५), आदिमा पनि नेपालले हस्ताक्षर गरि आफ्नो प्रतिवद्धता दशाई सकेको छ । त्यस्तै नवौ पंचवर्षीय यो जनामा पनि महिला विकासमा जोड दिएको छ । हालै केहि समय अगाडि मात्र महिला विकासको सन्दर्भमा राष्ट्रीय महिला आयोग गठन गरिएको छ । उक्त आयोग त्यति प्रभावकारी नभएको कुरा सर्वत्र चर्चा परिचर्चा भएपनि महिला विकासको सन्दर्भमा सकारात्मक कदम हो भन्न करै लाग्छ । महिला विकास सम्बन्धी सरकारी क्षेत्रबाट पनि बिभिन्न प्रयासको थालनी भएको पाइन्छ । नेपाल सरकारको महिला विकास नितीलाई कार्यान्वयन गर्न केहि मन्त्रालयहरू तथा राष्ट्रिय योजना आयोग अन्तर्गत महिला विकास इकाई शाखा/महाशहाखाहरू स्थापना गरिएका थिए (रेग्मी, २०६७) ।

शारीरिक रूपमा विश्वका महिला एकै किसिमका भएता पनि सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक दृष्टिकणमा भने परिवेश, समय र स्थान अनुसार महिलाको अवस्था भिन्न र परिवर्तनशिल छ । सन् १९८० को दशकदेखि भने समतामुलक समाजको अवधारणासँगै लैङ्गीक समानताको विषयले मान्यता पाउँदै आएको छ ।महिलाशसक्तीकरण महिलाको उत्थानका लागी पूवर्णधारका रूपमा पहिचान भएको विषय हो । संसारका कुनै पनि देशमा जहाँ महिलाले पुरुष सरह अधिकार पाएका छैनन् अथवा पाएको भएता पनि अधिकार प्रयोग गर्नमा सामाजिक, आर्थिक वा राजनीतिक बन्धन छ । त्यसलाई पन्छाउँदै विकासको मूल प्रवाहमा ल्याउनु महिला शसक्तीकरण हो । यसै अनुरूप विभिन्न आवधिक योजनाले महिला शसक्तिकरणको नीति र कार्यक्रम तर्जुमा र कार्यान्वयन हुनुपर्ने विषयमा जागरण ल्याउँदैछ । नेपालको नवौं योजना ( २०५४-५९) ले क्षेत्रगत रूपमा लैङ्गीक मुल प्रवाहीकरणको प्रकृया र धारणा प्रर्याप्त रूपमा समाहित हुन नसकेको कमीकमजोरी औंल्याएको थियो । उक्त कुरालाई ध्यानमा राखि दसौं योजना (२०५९-०६४) तर्जुमा क्रममा मूल प्रवाहिकरण शसक्तीकरणलाई आत्मसात गरी नीति तथा कार्यक्रममा जोड दिइएको थियो । संयूक्त राष्ट्रसँघको सभाले महिला माथि हुने सबै प्रकारका विभेद निराकरण गर्ने महा सन्धी (सिड) पारित गरि सकेपछि महिला शसक्तीकरण अभियानले नयाँ गति लिन थाल्यो । महिला शसक्तीकरण को मुद्दालाई अगाडि बढाउने क्रममा सरकारी तथा गैरसरकारी क्षेत्रमा विभिन्न कार्यक्रम तर्जुमा र प्रशस्त बजेट विनियोजन हुन थालेको छ । आर्थिक वर्ष २०६८।०६९ को बजेट क्रमसः २०, ४५ र ३५ प्रतिशतको हिस्सा रहेको छ । देशमा महिला शसक्तीकरणलाई बल पुग्ने गरि छुट्टै महिला मन्त्रालय स्थापना गरिएको छ । शसक्तीकरणले व्यक्तिलाई आत्मविश्वास यूक्त बनाई सबै खालका सामाजिक अन्तरसंवाद र आर्थिक स्रोत बाँडफाँड प्रक्रिया बारे सचेत गराउदँछ (पौडेल, २०६८) ।

सरकारी, स्थानिय समूदाय, राजनैतिक दल, राष्ट्रिय महिला आयोग, नागरिक समाज, महिला संगठन, कर्मचारी संगठन, संयुक्त राष्ट्र संघका निकायहरुले सशक्तिकरणमा भूमिका खेलेका छन् । नेपालको संविधान र महिला विभेद गर्ने कानुनमा सुधार गर्न तल्लो निकायबाट माथिल्लो निकायसम्म अन्तरक्रिया हुनु आवश्यक छ । स्थानिय समुदाय र सरकारबीच लम्बीय र दलहरुबीच क्षितिजीय अन्तरक्रिया जरुरी छ ।

आमा समुहको उत्पति कहाँ बाट र कहिले भएको हो भन्ने बारेमा कुनै स्पष्ट तथ्याकं पाइदैन । तर पनि विभिन्न विद्धान हरुको भनाइको आधारमा आमा समुहको उत्पति बारेको जानकारी दिने प्रयास गरीएको छ ।

नेपालको सर्न्दभमा आमा समुहको बरेमा खोजिनिती गर्ने संस्थाहरु कम पाईन्छ । आमा समुह किन, के का लागि र कस्को सहयोगले यो स्थापित भएको हो भन्ने सम्बन्धमा चासो दिएर खोज गर्ने सघंसस्था हरु निकै थोरै छन् । अर्को तिर स्वंयम आमा समुहहरुले आफूलाई आफ्नो निश्चित परीधि र सिमा भन्दा बाहिर निकाली परिचीत बनाउने प्रयास समेत गरेको देखीदैन । समाज कल्याण परिषदमा यस सम्बन्धी चासो राख्न जाँदा त्यस संस्थानमा काठमाण्डौ जिल्लाको आमा मिलन केन्द्रको दर्ता भएको जानकारी पाईएको छ । यस केन्द्रले खासगरी विभिन्न हिसां जन्य परिस्थिति बाट मुक्त हुन चाहेका महिला र आमा हरुको सुरक्षा, अधिकार दिनका लागि उचित पहल गर्ने बारे जानकारी प्राप्त भयो । यसै गरी एकजना बिदेशी महिला बोनि लिसन को सक्रियतामा ललितपूरको गोदावरीमा आमा घर फउण्डेशन नामक संस्थाको स्थापना वि.सं. २०६० सालमा गरीएको छ । जसको स्थापनाकालागी माइति नेपालकी अध्यक्ष श्रीमति अनुराधा कोइरालाको सहयोग पनि उल्लेखनिय मानिन्छ (फूयाल, २०६०:८) ।

गुरुङ्ग समुदायका पुरुष र महिलाहरुले हिउँदको समयमा परम्परागत नाचगान कार्यक्रमको आयोजना गर्दछन् जसलाई उनिहरकै भाषामा ‘रोदि’ भनिन्छ । यस कार्यक्रमको प्रमुख उद्देश्य फुर्सदको समयमा मनोरञ्जन लिई आनन्द मनाउनू हो । यहि रोदि सास्कृतिक जमघटको मनोरञ्जनात्मक कार्यक्रमले आफ्नो अस्तित्व गुमाई आमा समुह बन्न पुगेको हो । अन्नपुर्ण संरक्षण क्षेत्र वरपरका गूरुङ समुदायका ग्रामिण जनताहरुको योगदानबाट यसको अभ्युदय भएको हो । रोदि शब्द रो र दि शब्दको संलेशण बाट निर्माण भएको हो । जसको अर्थ घरमा सुतिरहनु भन्ने हुन्छ । अर्थात रातिको समयमा थकाइलाई बिर्षेर सुतिरहेका गाउँलेलाई जगाएर मनोरञ्जन प्रदान गर्नु भन्ने बुझिन्छ । हाल यस शब्दले ठुलो क्षेत्र ओगटी सकेको पाइन्छ । यी भनाईहरुको आधारमा के भन्न सकिन्छ भने आमा समुह र रोदि सास्कृतिक जमघट बिचमा घनिष्ट सम्वन्ध छ (गुरुङ्ग, सन् १९९४) ।

आमा टोलिको जन्म वा आमा समूहको  सूरुवात विधिवत रुपमा सन् १९९० मा दर्ता भई अस्तित्वमा अएको गाउँ हो घान्द्रूक । महिला विकास शाखाले महिला समूहको माध्यमबाट विकाश र संरक्षण को क्रियाकलापहरुमा स्थानिय महिलाहरुलाई एकबद्ध बनाई सक्रिय रुपमा समावेस गरेको पाइन्छ । आमा समूहले ग्रमीण सरसफाई , बाटो निर्माण, मर्मत, वन संरक्षणमा प्रगति गरेको छ । त्यस्तै अनौपचारिक कक्षाहरु संचालन भइरहेका छन्  । घान्द्रूक गाउँका आमा टोलिले जूवा तास र जाड रक्सी सेवनमा प्रतिबन्ध लगाई ठूलो प्रगति गरेको र यसको नियम उल्लघंन गर्नेलाई रु १०० देखी ५०० सम्म जरिवाना गर्ने नियम छ । (गूरुङ्ग, सन् १९९३) ।

अन्तराष्ट्रिय  महिला बर्ष सन् १९७५ को अवसरमा नेपालमा आमा समुहको कार्यक्रम शुरुवात गरिएको हो । महिलाहरुको सामाजिक, आर्थिक अवस्था र हैसियत उकास्नका लागी यसको शुभारम्भ गरिएको थियो । महिला स्वास्थ्य, शिक्षा, परिवार नियोजन र आयआर्जन सगँ सम्बन्धित पक्षहरुको बिकास र बिस्तार गर्ने उद्देश्यले शुरुमा लिएको हो । परिवार नियोजन सेवाको विस्तार गर्ने लक्ष लिएको आमा समुह सम्बन्धी कार्यक्रमको निर्माण गर्ने कार्य नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तरगत हुन थालेको पाइन्छ । महिला विकास र परिवार नियोजन बीचको आपसी सम्बन्धलाई मध्यनजर राखी यसको क्षेत्र बिस्तार गरियो । सन् १९८९ मा सामुदायिक स्वास्थ्य सेवा विभागले नेपाल अधिराज्य भरका महिलाहरुका लागी सामुदायिक स्वस्थ्य स्वयंसेविका तयार पार्ने योजना ल्यायो । जसका लागी उचित तालिमको पनि ब्यवस्था गरीएको थियो । यी स्वास्थ्य स्वयंमसेविका हरुको मुख्य कार्यथलो ग्रामिण भेग र त्यहाका कमजोर महिला वर्ग भएकोले गर्दा यसै दौरानमा आमा समुहको स्थापना भएको भन्ने कथन पनि प्रकासमा आएको देखिन्छ । यस्तो समुह गठन गर्दा परिवार, स्वस्थ्य र मात्रृशिशु कल्याण योजनाका गतिविधि हरु संचालनमा ठुलो सहयोग पुगेको पाईयो । ब्यात्तिगत स्वास्थ्य, सामुदायिक सरसफाई, अत्यावश्यक स्वास्थ्य सेवाका बिस्तार जस्ता पक्षहरुको विकासले ग्रामीण जनताहरुको परम्परागत मानसिकतामा उल्लेखनिय परिवर्तन आयो र यसलेनै आर्थिक गतिबिधि एवं समुदायिक बिकासको लागी आधार तयार गरिदियो (फुयाल, २०६०:१३) ।

यस प्रकार नेपालमा आमा समुहको उत्पति को बाट, कहिले, कहाँ बाट र किन ? भन्ने यथार्थ परक जानकारीहरु राख्ने बैधानिक संस्थाको वेवास्था वा सरकारको अदुरदर्शी का कारण यस सम्बन्धी खोज, अनुसन्धान र यसको दीर्घकालिन विकास कार्यमा

समेत समस्या सृजना भएको प्रष्ट अनुभब गर्न सकीन्छ । देशका प्रत्येक भौगोलिक क्षेत्रहरु रहेका पक्षबाट परस्पर फरक भएका कारण सबै ठाउँका आमा समुहहरुको लक्ष्य, योजना, र गतिबिधिहरु मा समेत विविधता भएको भने स्वीकार्न सकिन्छ ।

शिक्षा प्राप्त गर्नको निम्ती महिलासँग अवसरहरू कम हुन्छन् । जसको कारण रोजगारी पाउन त्यतिकै मुस्किल हुन्छ । त्यसकारण घरबाट अलि माथिल्लो स्तरमा रहेर निर्णय गर्ने काममा महिला सहभागीताको अभाव देखिन्छ । महिलाहरूको स्वास्थ्य प्रति सकारात्मक देष्टिकोणले हेरिदैन । साथै उनीहरूले सुत्केरी भएको अवस्थामा समेत स्वास्थ्यवर्द्धक खान, पौष्टिक खाना पाउँदैनन् । महिलाहरू छिटै विवाह गर्दछन् र बच्च जन्माउने यन्त्रको रुपमा परिणत हुन्छन्। शिशु तथा मातृमृत्यूदर बढी देखिनुले महिलाहरूको सामाजिक अवस्था कमजोर छ भन्ने कुरा देखाउँछ । महिलाहरूसँग आर्थिक शक्तिको अभावका साथै प्रजनन् स्वास्थ्य माथिको निर्णायक भूमीकाको पनि अभाव देखिन्छ (आचार्य, १९९५) ।

नेपाली समाज पित्तृसतात्मक छ । अहिले सम्म पनि मानिसहरू महिलालाई एउटा राजनीतिज्ञको रुपमा हेर्न चाहदैनन् । जबकि उनीहरू कति सक्षम छन् महत्व राखिदैन । उनीहरू महिलालाई परम्परागत मान्यताको माध्यमबाट सामाजिक भूमीकामा एउटा दीदि श्रीमती र छोरीको रुपमा मात्र हेर्न चाहन्छन् (कार्की,२००३)।

मुलुकको प्रशासनको महत्वपूर्ण संयन्त्रको रूपमा रहेको नेपालको निजामति सेवा, जसले सार्वजनिक प्रशासनको व्यवस्थापन, राजनैतिक नेतृत्वलाई परामर्श, सल्लाह सुझाव दिने, नीति निर्माण र सार्वजनिक महत्वका निर्णयका लागि कुटनीतिक क्षेत्रलगायत अन्तराष्ट्रीय सम्बन्धको व्यवस्थापन गर्ने, विकास कार्यक्रमको व्यवस्थापन गर्ने जस्ता भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यस संरचनामा पछिल्लो समयमा कार्यरत कर्मचारीको कुल संख्या ७६,९४४ रहेकोमा महिला र्काचारीको संख्या १०,३३७ रहेको छ । प्रतिशतको हिसाबले हेर्दा जम्मा महिला कर्मचारीको संख्या १३.४३ प्रतिशत रहेको देखिन्छ । जसमा विशिष्ट श्रेणीमा जम्मा ८४ मध्ये महिलाको संख्या ४ मात्र रहेको छ । जुन ४.७६ प्रतिशत हुन जान्छ । राजपत्राङ्कित तहमा जम्मा १२,५२० कर्मचारीमा महिला कर्मचारीको संख्या ८८९अर्थात ७.१ प्रतिशत रहेको देखिन्छ । त्यस्तै राजपत्रअनङ्कित तहमा जम्मा ४२,४५८ कर्मचारी रहेकोमा महिलाको संख्या ७,९२४ र प्रतिशतको हिसाबले १८.६६ प्रतिशत रहेको छ (निजामति किताबखाना, २०६७।११।१७)।

राष्ट्रीय महिला आयोगमा आर्थिक वर्ष २०६७०६८ को साउनदेखि पुससम्म शारीरिक हिंसाका १७, मानसिक हिंसाका २४ र आर्थिक हिंसाका २७ गरि ६८ वटा उजुरी परेका थिए । प्रहरी प्रधान कार्यलय अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालयको तथ्यांक अनुसार नेपालमा महिला हिंसाको अवस्था भयवह देखिन्छ । तथ्यांक अनुसार आ.व २०६७०६८ मा बलात्कारमा ४सय ९७,बलात्कारको प्रयास १ सय ४५, मानवबेचबिखन १सय ६१, गर्भपतन १२, बहुविवाह २ सय ४ र घरेलु हिंसाका घटना १ हजार ३ सय ५५ दर्ता भएका थिए । यसबाट पनि महिलाको अवस्था घरमा, समाजमा र देशमा कस्तो छ भन्ने प्रष्ट हुन्छ (कुँवर, २०६८) ।

महिलाहरू शैक्षिक क्षेत्रमा पुरुषको तुलनामा कमजोर रहनुमा सामाजिक परिवेश, आर्थिक अवस्था अनि सांस्कृतिक परिपाटी मात्र कारक नभएर यसलाई जैविक कारणहरू समेत रहेको कुरा एक अनुसन्धानले पत्ता लगाएको छ । वास्तवमा हरेक समानतको आवाजले महिला र पुरुष बीच हुने जैविक फरकपनलाई बेवास्ता गर्दछ । लण्डनमा गरिएको एक अनुसन्धानले उजागर गरेको छ भने किशोरीले परीक्षामा लेख्ने लेखाइएको स्तरमा उनीहरूको मासिक धर्मले १४ प्रतिशत सम्म प्रभाव पार्दछ (पौडेल, २०५८) ।

नारीवादी Syliva Walby को मान्यता अनुसार परिवारभित्र लोग्ने र स्वास्नी बिचमा बर्गीय सम्बन्ध हुन्छ र यस्तो लिङ्गमा आधारित श्रम विभाजनले लैङ्गिक भिन्नतालाई निम्त्याउँछ । घरको काम महिलाले गर्दछन् तर कठिन र फरक प्रकृतिको भएर पनि यसलाई अवमूल्यन गरिन्छ । पुरुषहरू बाह्य काममा उपयुक्त हुन्छन् भन्ने मान्यतासहित उनीहरू सामाजिक, आर्थिक, कार्यहरूमा संलग्न हुन्छन् । जसले गर्दा परिवारका महिला पुरुषमाथि निर्भर हुन पुग्दछन् । महिलाहरूले मूख्य रूपमा खास खालका पेशाहरूमा ध्यान केन्द्रीत गरेको पाइन्छ । महिलाहरूका यस्ता पेसाहरू केहि बाहेक अरु सबै अप्राविधिक वा कम प्राविधिक कम मुल्य पाउने र कम हैसियतका रहेका छन् । महिलावादीहरू भन्छन् महिलाहरू तिनीहरू भित्रको अन्तनिर्हित नारित्व गुणले गर्दा तिनीहरू रोजगारि प्राप्त गरेका हुन् । ती पेशाहरूमा महिलाहरूलाई रोजगारी दिएको छ जुन तिनीहरूको प्रकृति अनुसार मिल्दो छ कि समानताको लागि नारिवादीहरूका अनुसार महिलाहरू दोब्बर मर्कामा परेका छन् । किनभने तिनीहरू बजारको कारणले बाहिरको कामको साथै घरभित्रको, परिवार, परिवारका सदस्यहरू र

बृद्धहरूको हेरचाह गर्नुपर्ने बाध्यता रहेको छ । ति महिलाहरू जो पूरा समय रोजगारिमा खर्च गर्दछन् । तर पनि घरको उत्तरदायित्व वहन गर्नै पर्दछ । यसको विपरित विवाहित तर लामो समयसम्म बेरोजगार पुरुषहरूले उनीहरूको फुर्सदको समय घरभित्रको श्रममा खर्च गर्दैनन् ( ओभ्रा, २०६३) ।

अवधारणा जसरी बनेका छन् त्यसले नै समस्या थपेको छ भन्ने कुरा पनि विचार गरिनुपर्दछ । कविरले सोधेभ्रैं के महिलाहरू उत्पादन तथा प्रजनन्मा हुने निर्णायक भूमिकालाई स्थानिय स्तरमा स्वीकारेर यसको आधारमा योजना तयार पार्नु महिलाहरूले भोग्ने बहुपक्षिय समस्याहरू समाधान गर्नका लागि यथेष्ट कुरा हो । साँच्चि नै महिलाहरूले भोग्ने बहुपक्षिय समस्यहरूलाई छिचोल्ने प्रयासका लागि “विकासमा महिला” (WID) र अन्य विकासे सिद्धान्तहरू भन्दा आधारभुत रूपले फरक सोच र व्यहार अपनाउनु पर्ने हुन्छ । पहिलो कुरा वर्गिय, जातिय, जातगत, यौनिकता,धार्मिक, नाता सम्बन्धको प्रणाली आदी सामाजिक सांस्कृतिक कुरालाई ध्यान दिएर महिला उत्पीडनका अर्थ राजनैतिक जराहरूलाई उथिनेर उज्यालोमा ल्याउनु पर्छ । दोस्रो कुरा खोजमा अपनाइने तरिकाहरू र विधिहरूले महिलाहरूलाई निष्क्रिय मौन विकासको निसाना बनाउने होइन, बरु सचेत ढङ्गले महिलाहरूलाई उत्पीडनभित्र पार्ने सामाजिक उच्चनियम तहगत संरचनाहरूलाई भिर्न सक्षम हुनुपर्दछ । तेस्रो कुरा उक्त खोजमा आधारीत सक्रिय परिवर्तनशिल कार्यक्रहरूहरूलाई महिला उत्पीडन वर्तमान समाज व्यवस्थाको अभिन्न अंगका रूपमा लिदै आधारभूत सामाजिक परिवर्तनमा केन्द्रित गर्नुपर्दछ । यि कुरालाई आत्मसाथ गर्न सकियो भने नारीवादले सिर्जना गरेको सामाजिक लिङ्ग जस्ता विभिन्न अवधारणाहरू उपयोगी हुन सक्छन् (तामाङ, २००७) ।

# अध्याय तिन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

तामाङ जातिहरूको बाहुल्यतन रहेको यस उपमहानगरपालिकामा अन्य जाति हरु, बहुन, क्षेत्री, नेवार, मगर, मधेशी लगायतका जातजातीको बसोबास रहेको पाईन्छ । हेटौंडा उपमहानगरपालिकाका २९ वटा वडाहरुमध्ये शहरी बसोबास परिवेशबाट एक वडा र ग्रामिण बसोवास परिवेशबाट एक वडा पर्ने गरी उद्देश्यमूलम नमुना छनौट विधिबाट २ वटा वडाको छनौट गरिएको छ । वडा नं. ४ र २९ मा महिला सशक्तिकरणका लागि आमा समुहद्वारा हालसम्म गरिएका प्रयासहरु र त्यसको अवस्था पत्ता लगाई आमा समूहका कार्यक्रमबाट महिलाहरुमा परेको प्रभावको अध्ययन गरि आवस्यक जानकारी प्राप्त गर्नको लागि यस क्षेत्र आफ्नो घर पायक पर्ने हुँदा वस्तुगत अध्ययन गर्न सजिलो तथा समय र खर्चको दृष्टिकोणले समेत सहुलियत पर्ने हुनाले यस हेटौंडा उपमहानगरपालिकालाई छनौट गरेको छु ।

## ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन वर्णनात्मक र विष्लेशणात्मक दुबै ढाँचाको रहेको छ । खोजमूलक तरिका अपनाई बिभिन्न पत्र पत्रिका, पूस्तक, दस्तावेज जस्ता सामाग्रीहरुको आधारमा अन्वेषणत्मक अनूसन्धान ढाँचा प्रयोग गरिएको र म सोधपत्र कर्ता नमूना क्षेत्रमा गई अवलोकन, अन्तरवार्ता र प्रश्नावलिका माध्यमबाट सूचना संकलन गरिएको, साधारण तथ्याङ्क बिष्लेषण बिधिको प्रयोग गरिएको, वर्तमानमा अस्तित्वमा रहेको बिषय, मात्रात्मक सूचनामा निर्भर, समस्याको प्रकृति बर्णन गर्ने खालको र आमा समूहको सम्पूर्ण पक्षको सूचना संग्रह गरि यो शोधपत्रको निश्कर्ष निकालिएको हूनाले यो बर्णनात्मक प्रकृतिको छ । तथ्यांकको विवेचना तालिकामा प्रस्तुत तथ्यांकको विश्लेषणबाट गरिएको छ । तथ्यांकको विश्लेषणको माध्यमबाट नै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## ३.३ नमूना छनौट प्रक्रिया

### (क) वडा छनौट प्रक्रिया

हेटौंडा उपमहानगरपालिका बन्नु अघि यस नगरका ११ वटा वडाहरु जुन शहरी सुविधा सम्पन्न जस्तै, विद्यालय, क्याम्पस, खानेपानी, अस्पताल, सडक, टेलिफोन आदि समेटेर नगरपालिकाको निर्माण भएको थियो । जसमा केन्द्रको रुपमा वडा नं ४ रहेको छ । शहरी परिवेश, बजार, सुविधा सम्पन्न घरहरु, विद्यालय, क्याम्पस, सरकारी कार्यालयहरु लगायतका विविध सुविधाको कारण मैले यस तुलनात्मक अध्ययनको लागि शहरी क्षेत्रवाट वडा नं. ४ लाई छनौट गरेको छु । त्यस्तै गरि वि.सं. २०७१ मा विभिन्न गा.वि.स.हरु समावेश गरि उपमहानगरपालिका वन्ने क्रममा बसामाडी गा.वि.स.का केहि वडाहरु समावेश गरि वडा नं २९ को  निर्माण भयो । जुन वडा केन्द्रबाट १३ कि. मि. को दुरिमा रहेको छ । जहाँ कृषि पेशामा संलग्न मानिसहरुको वाहुल्यता रहेको छ भने सडक, खानेपानी, स्वास्थ्य, शिक्षाको क्षेत्रमा अझै पनि निकै पछाडी रहेको छ । एउटै नगर भित्र रहेर पनि यि दुई वडाका मानिसहरुको जीवनशैलीमा निकै अन्तर रहेको छ । त्यसकारण मैले यस तुलनात्मक अध्ययनको लागि ग्रामिण क्षेत्रको रुपमा वडा नं. २९ लाई आफ्नो नमुनामा छनौट गरेको छु ।

### (ख) नमूना महिला छनौट प्रक्रिया

छनौटमा परेका वडाहरुवाट द्धितीय सूचना स्रोतको माध्यमवाट समग्र जनसंख्या पत्ता लगाई सुविधाजनक नमुना छनौट विधिको प्रयोग गरि वडा नं ४ का ४ वटा आमा समूहमा रहेका १०९ सदस्य मध्ये ५० जना र वडा नं २९ का ४ बटा आमा समूहमा रहेका ९७ जना सदस्य मध्ये ५० जना सदस्यलाई नमुना छनौटको रुपमा लिईएको छ । नमूना छनौट गर्ने क्रममा आमा समूहको मासिक बैठकमा स्वयं उपस्थित भै त्यहां उपस्थित महिलाहरुको विवरण संकलन गरियो । त्यसमा पनि २ जनालाई उद्देश्य पुर्ण रुपमा वैयक्तिक स्थितिको अध्ययन गरीएको छ । ति दुई जना सदस्यहरुमा एक जना ग्रामिण क्षेत्रबाट र एक जना शहरी क्षेत्रबाट

छनौट गरिएको छ । ग्रामिण भेगका र शहरी भेगका आमा समूहमा आबद्ध महिलाहरुमा समूहको प्रभाव कति रहेको छ भन्ने कुरा हेर्न लाई यस्ता किसिमका महिला छनौंट गरिएको हो ।

## ३.४ तथ्यांककों प्रकृति र स्रोत

यो अध्ययन बाट वास्तविक सूचना तथा निश्कर्ष प्राप्त गर्न तथ्यांकको प्रकृति अन्तरगत गूणात्मक र मात्रात्मक रुपमा सूचनाहरु संकलन गरिएको छ । अवलोकन, वैयक्तिक अध्ययन बाट प्राप्त सूचना हरु गूणात्मक प्रकृतिका छन् भने अध्ययनको समग्रता र प्रश्नावलिबाट प्राप्त सूचना मात्रात्मक प्रकृतिका छन् । आवश्यकता र उद्देश्य अनुसार यी दुबै बिधिको समायोजन गरी पूर्ण अनुसन्धान गरिएको हुनाले यो मिश्रित प्रकृतिको छ । त्सैगरि तथ्याकंको स्रोत अन्तरगत

### (क) प्राथमिक स्रोत

प्राथमिक तथ्यांक यस अध्ययनको प्रमुख अंग का रुपमा रहेका छन् । जसमा सोधकर्ता आफैले अध्ययन क्षेत्रबाट तथ्यपूर्ण तथ्यांकहरु संकलन गरिएको छ । यस्ता तथ्यांकहरु संकलन गर्न अन्तरबार्ता सुचि र वैयक्तिक अध्ययन विधि अपनाईएको छ ।

- **अन्तरवार्ता अनुसुचि**

  अनुसन्धान कर्ता आफै सम्बन्धीत अध्ययन क्षेत्रमा गई छनौटमा परेका १०० जना आमा समूहका सदस्यहरु सँग प्रश्नावलिको सहायताले अन्तरवार्ता लिएको र त्यसमा पनि मासिक बैठककमा समेत सहभागि भई सामुहिक बैठकमा भाग लिइएको थियो । जसमा ब्याक्तिगत र सामूहिक रुपमा सोधिएका प्रश्नहरु थिए । ब्यक्तिगत रुपमा महीलाहरुको शैक्षिक अवस्था, पारिवारीक बिवरण, पेशा, धर्म, समुहमा प्रबेश गरेपछिका फाइदा जस्ता कुरा ब्याक्तिगत रुपमा सोधिएको थियो भने समुहको उदय, गठन, गठनगर्नुपर्ने कारणहरु, उनिहरुको अर्थ संकलन प्रणालि र समुहका समस्याका बारेमा समुहमा सहभागि भई जानकारी संकलन गरीएको थियो ।

) **वैयक्तिक अध्ययन**

यस बिधि अन्तरगत दुवै अध्ययन क्षेत्रका १/१ जना महिला हरुको वैयक्तिक अध्ययन गरीएको छ  जसबाट उनिहरुको ब्याक्तिगत बिवरण, पारिवारिक विबरण, शैक्षिक बिवरण, समुहको प्रकृति, अवस्था, र समस्याको बारेमा बिवरण संकलन गरीएको छ । ग्रामिण भेगका र शहरी भेगका आमा समूहमा आबद्ध महिलाहरुमा समूहको प्रभाव कति रहेको छ भन्ने कुरा हेर्न लाई यस्ता किसिमका महिला छनौंट गरिएको हो ।

**(ख) द्वित्तिय स्रोत**

यस तथ्याङ्कमा आमा समुह सम्वन्धी वा महिला समुह सम्बन्धी  अध्ययन प्रतिवेदन हरु, लेखहरुबाट प्राप्त तथ्याकं र सुचनहरु  प्रयोग गरीएको छ । जसको मद्दतले अध्ययनमा सहयोग मिलेको छ जसमा सिविएस, एनपिसीयस, युएनडीपी,  हेटौडा उपमहानगरपालिका, समाजकल्याण महाशाखा, सेन्टरल लाईब्रेरी र बिभिन्न समयमा प्रकासीत लेखहरुबाट प्प्राप्त गरिएको छ ।

यो अनुसन्धान मुख्यतया प्राथमिक तथ्याङ्कमा केन्द्रीत रहे पनि अनुसन्धान प्रक्रिया र अनुसन्धानका समस्यसँग सम्बिन्धीत द्वितीय तथ्यांक पनि अबलम्बन गरिएको छ । यस अध्ययनमा प्राथमीक र द्वितीय दुबै प्रकारका स्रोत बाट सामाग्री संकलन गरिएको छ ।

## ३.५ तथ्यांक विश्लेषण प्रक्रिया

संकलित सूचनाहरुलाई प्रतिशतमा निकाली आवश्यकतानुशार तालिका, ग्राफमा व्यक्त गरी व्याख्या र विश्लेषण गरिएको छ । स्थलगत अध्ययन/अवलोकनबाट प्राप्त सूचना र अनुभवलाई समेत आवश्यकताअनुशार परिणात्मक रुपमा व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.६ अध्ययनको सिमा

महिला सशक्तिकरणले बृहत पक्षलाई ओगटेको पाईन्छ । ती सबै पक्षहरुलाई समेटेर अनुसन्धान गर्न, अनुसन्धान प्रतिवेदन लेख्न एक विद्यार्थीको आर्थिक स्थिति र समयावधिले पनि भ्याउन कठिन हुने साथै यो एउटा बिषयको आवश्यकता परिपूर्तीसँग सम्बन्धित पनि भएकोले हेटौडा उपमहानगरपालीका क्षेत्र भित्रको दुई वटा वडाका आमा समूहहरु मध्ये १०० जना नमूना महिलाहरुमा सशक्तिकरणका लागी भएको प्रयास र त्यसबाट परेको प्रभाव र अवस्थाको अध्ययन गर्ने यस अध्ययनको लागी सिमा निर्धारण गरिएको छ ।

# अध्याय ४

# उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक पृष्ठभूमि

## ४.१. पारिवारिक पृष्ठभूमि

### ४.१.१. उमेर र लिंग अनुशार जनसंख्या वितरण

पारिवारिक पृष्ठभूमिको अध्ययन गर्ने क्रममा यस अध्ययन क्षेत्र अन्तरगत समेटिएका परिवारको कूल संख्यालाई उमेर र लिंग अनुशार ५-५ बर्षको उमेर समूहमा विभाजन गरि निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**उमेर र लिंग अनुशार जनसंख्या वितरण**

| उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४ | ४ | ०.७ | १३ | २.३ | १७ | २.८ |
| ५-९ | २२ | ३.७ | २२ | ४.६१ | ४४ | ७.३ |
| १०-१४ | ३४ | ५.६ | २० | ४.६१ | ५४ | ९.० |
| १५-१९ | ४६ | ७.६ | ४९ | ६.१५ | ९५ | १५.८ |
| २०-२४ | ३२ | ५.३ | ४४ | ७.६९ | ७६ | १२.६ |
| २५-२९ | २३ | ३.८ | २९ | ७.६९ | ५२ | ८.६ |
| ३०-३४ | १६ | २.७ | ३० | ३.८४ | ४६ | ७.६ |
| ३५-३९ | ४० | ६.६ | ३४ | ३.८४ | ७४ | १२.३ |
| ४०-४४ | २४ | ४.० | २७ | ७.६९ | ५१ | ८.५ |
| ४५-४९ | २० | ३.३ | १८ | ०.७६ | ३८ | ६.३ |
| ५०-५४ | १९ | ३.२ | ७ | ०.०० | २६ | ४.३ |
| ५५-५९ | १२ | २.० | २ | १.५३ | १४ | २.३ |
| ६०-६४ | ३ | ०.५ | ३ | ५०.७६ | ६ | १.० |
| ६५ भन्दा माथि | ६ | १ | ३ | १.५३ | ९ | १.५ |
| जम्मा | ३०१ | ५०.० | ३०१ | ५०.० | ६०२ | १००.०० |

श्रोत: स्थलगत सर्वेक्षण २०७२

यस अध्ययन क्षेत्रको कुल अध्ययन जनसंख्या ६०२ जना रहेका छन् । जसमा ३०१ जना पुरुष र ३०१ जना महिला छन् । जहाँ प्रत्येक परिवारमा औषत ६.०२ जना बसोवास गर्ने गर्दछन् । अध्ययन क्षेत्रका धेरै जसो जनसंख्या १५ देखि १९ बर्ष (१५.८%) उमेर समूह अन्तरगत रहेका छन् जहाँ ६०२ जनसंख्या मध्ये ७.६ प्रतिशत पुरुष र ६.१५ प्रतिशत महिला रहेका छन् । यसै गरि महिलाको संख्या २० देखि २४, २५ देखि २९,र ४० देखि ४४ बर्ष उमेर समूहमा उच्च जनसंख्या ७.६९ प्रतिशतका दरले रहेको छ ।

## ४.१.२ वैवाहिक स्थिति अनुशार जनसंख्या वितरण

अध्ययन क्षेत्रका महिलाहरूको वैवाहिक स्थिती कस्तो रहेको छ भनि पत्तालगाउन १०० जना उत्तरदाताको वैवाहिक स्थिती अनुसार पाँच तहमा विभाजन गरि तालीकामा प्रस्तुत गरिएको छ । साथै कुन उमेरमा कम तथा वढि विवाह हुन्छ भनि पत्ता लगाई विश्लेषण गर्न तिन उमेर समुहमा उत्तरदातालाई विभाजनगरि तातिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**१० बर्ष र सो भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति अनुशार जनसंख्या वितरण**

| वैवाहिक स्थिति | k'?if | | Dlxnf | | hDdf | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| cljjflxt | 127 | 23=5 | 114 | 21=1 | 241 | 44=5 |
| ljjflxt | 144 | 26=6 | 145 | 26=8 | 289 | 53=4 |
| छुट्टिएर वसेको | 2 | 0=4 | 3 | 0=6 | 5 | 0=9 |
| ljwjf⁄ljb'/ | 2 | 0=4 | 3 | 0=6 | 5 | 0=9 |
| kf/kfr's] | 0 | 0=0 | 1 | 0=2 | 1 | 0=2 |
| hDdf | 275 | 50=8 | 266 | 49=2 | 541 | 100=0 |

श्रोत: स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका अनुशार जम्मा ६०२ जना जनसंख्या मध्ये १० बर्ष र सो भन्दा माथि ५४१ जना जनसंख्या रहेका छन् । जस मध्ये २३.५ प्रतिशत पुरुष अविवाहित छन् भने २१.१

प्रतिशत महिला अविवाहित छन् । कूल जनसंख्या मध्ये २६.६ प्रतिशत पुरुष विवाहित छन् भने २६.८ प्रतिशत महिला विवाहित छन् ।कूल २ जना पुरुष छुट्टिएर वसेका छन् २ जना विदुर छन् । त्यसै गरि कूल विवाहित जनसंख्या मध्ये ३ जना महिला छुट्टिएर वसेका छन् भने ३ जना महिला विधवा रहेका छन् र १ जनाले सम्वन्ध विच्छेद गरेका छन् ।

### ४.१.३ पेशागत विवरण अनुशार जनसंख्या वितरण

परिवारभित्र तथा बाहिरका क्रियाकलापमा महिलाको कति भूमीका छ ? उनीहरू को निर्णय कति चल्दछ भन्ने कुरालाई महिलाको आफ्नो पेशा तथा त्यसबाट प्राप्त आम्दानीले ठुलो प्रभावपार्दछ । त्यसकारण पनि हामीले उत्तरदाता महिलाहरूको पेशा तथा आम्दानी को बारेमा जान्न जरुरी देखिएकोले तलको तालिका तथा चित्र मा तथ्यांक प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**१० बर्ष र सो भन्दा माथिका जनसंख्याको पेशागत विवरण**

| पेशा | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| कृषि | 25 | 4=6 | 29 | 5=4 | 54 | 10=0 |
| जगिर | 69 | 12=8 | 27 | 5=0 | 96 | 17=7 |
| व्यापार | 21 | 3=9 | 13 | 2=4 | 34 | 6=3 |
| श्रमिक | 9 | 1=7 | 4 | 0=7 | 13 | 2=4 |
| दैनिक मजदुरी | 22 | 4=1 | 15 | 2=8 | 37 | 6=8 |
| घरको काम | 8 | 1=5 | 79 | 14=6 | 87 | 16=1 |
| विद्यार्थि | 93 | 17=2 | 98 | 18=1 | 191 | 35=3 |
| बैदेशिक रोजगार | 28 | 5=2 | 1 | 0=2 | 29 | 5=4 |
| जम्मा | 275 | 50=8 | 266 | 49=2 | 541 | 100=0 |

. श्रोतः स्थलगत सर्वेक्षण २०७२

मथिको तालिका अनुशार यस अध्ययन क्षेत्रमा १० बर्ष र सो भन्दा माथिका ५४१ जनसंख्या रहेकोमा १० प्रतिशत जनसंख्या कृषि पेशामा आवद्ध छन् भने त्यसमा ४.६ प्रतिशत पुरुष र ५.४ प्रतिशत महिला रहेका छन् । त्यसैगरी १२.८ प्रतिशत पुरुष जागिरे छन् भने ५ प्रतिशत महिला जागिरे रहेका छन् । यस क्षेत्रका सवैभन्दा धेरै ३५.३ प्रतिशत जनसंख्या

विद्यार्थि रहेका छन् । त्यस्तै घरको काम गर्नेमा महिलाको संख्या उच्च रहेको छ । जसमा कूल संख्याको १४.६ प्रतिशत महिला पर्दछन् भने पुरुषको संख्या १.५ प्रतिशत रहेको छ । घर बाहिर गएर गर्ने काम जस्तै जागिर, व्यापार, मजदुरी, बैदेशिक रोजगार लगायतमा महिलाको संख्या भन्दा पुरुषको संख्या तुलनात्मक रुपमा बढि रहेको छ ।

## ४.१.४ शैक्षिक स्थिति अनुशार जनसंख्या वितरण

समाज परिवर्तनको एक मुख्य मेरुदण्डहरूमध्ये शिक्षा पनि एक हो । मानिसको चेतना स्तरमा वृद्धि हुनु भनेको शिक्षा वा ज्ञानको प्राप्ती नै हो । सामाजिक जिवनलाई सहज बनाउन व्यक्ति तथा समाजमा र अन्य समाजसम्म अन्तरक्रिया गर्न विभिन्न खाले स्रोतहरूको परिचालन गर्न शिक्षाले ठूलो भूमीका खेलेको हुन्छ । शिक्षा भने कुनै दैवि वा अदृश्य शक्तीबाट बनेको वा सिर्जना भएको हुँदैन । यो त केवल सामाजिक सदस्यहरूको चिन्तन मनन, जीवन भोगाई र समाजको सुक्ष्म अध्ययनको परिणाम हो ।

कुनै पनि समाजको समुदायको जीवनशैली कस्तो छ ? भन्ने वितिकै त्यहाँका सदस्यहरूको शैक्षिकस्तर खोजिन्छ । त्यसैले विकसीत वा अल्पविकसति समाजको मापदण्डको रूपमा शिक्षालाई लिने गरिएको छ । झन महिलालाई पुरुष सरह समाजमा स्थापित गराउन मुख्य उनीहरूको शिक्षालाई जोड दिनुपर्दछ ।

**तालिका नं. ४**

**६ बर्ष र सो भन्दा माथिको जनसंख्याको शैक्षिक स्थिति अनुशार जनसंख्या वितरण**

| शिक्षा | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| निरक्षर | 8 | 1=4 | 32 | 5=5 | 40 | 6=9 |
| साक्षर | 285 | 49=1 | 255 | 44=0 | 540 | 93=1 |
| जम्मा | 293 | 50=5 | 287 | 49=5 | 580 | 100=0 |
| z}llfs :t/ | | | | | | |
| प्रा.वि | 44 | 8=1 | 48 | 8=9 | 92 | 17=0 |
| नि.मा.वि | 70 | 13=0 | 61 | 11=3 | 131 | 24=3 |
| मा.वि | 62 | 11=5 | 49 | 9=1 | 111 | 20=6 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उच्च मा.वि. | 50 | 9=3 | 50 | 9=3 | 100 | 18=5 |
| स्नातक | 13 | 2=4 | 11 | 2=0 | 24 | 4=4 |
| स्नातकोत्तर | 12 | 2=2 | 7 | 1=3 | 19 | 3=5 |
| मात्र साक्षर | 34 | 6=3 | 29 | 5=4 | 63 | 11=7 |
| जम्मा | 285 | 52=8 | 255 | 47=2 | 540 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका नं ४ मा ६ वर्ष भन्दा माथि उमेर समूहका सदस्यहरूका मात्र साक्षरता तथा शैक्षिक स्थितिलाई प्रस्तुत गरिएको छ । तालिकामा पुरुष साक्षरता सबभन्दा बढि ७० जना नि.मा.वि. तहसम्म अध्ययन गरेको देखिन्छ भने सबभन्दा कम ८ जना निरक्षर छन् । यसले पुरुषहरू धेरै निरक्षर छैनन् भनने देखाउँछ । त्यसरी नै महिला साक्षरतामा हेर्दा सबभन्दा बढि पुरुषको तुलनामा ठिक उल्टो ३० जना निरक्षर छन् । निरक्षरताको खाडल पुरुषको संख्या र महिलाको संख्यामा ठूलो छ । यसले महिलाको शैक्षिकस्तर न्यून रहेको देखाउँछ भने सबभन्दा कम उच्च शिक्षा लिएको देखिन्छ । यसरी उच्च शिक्षामा कमि हुनु भनेको जिल्लामा उच्च पदमा महिलाको उपस्थिती अत्यन्त न्यून हुनु हो । तलको तालिकामा विभिन्न स्तरमा महिला र पुरुषको शैक्षिक स्थितीलाई तुलनात्मक रूपमा अध्ययन गर्दा पुरुषको प्रा.वि, नि.मा.वि., मा.वि. र उच्च शिक्षामा क्रमश ८.१%, १३%, ११.५%, ९.३% का दरले उपस्थिती बढ्दो छ भने ठिक उल्टो महिलाको तिनै तहमा क्रमश ८.९%, ११.३%, ९.१%, ९.३% का दरले मा. वि. मा बढेतापनि सालाखाला उपस्थिती घट्दो छ । यसले के प्रष्ट पार्दछ भने पुरुषहरूले उच्च शिक्षा सम्मको अध्ययन लाई निरन्तरता दिएको पाईन्छ तर महिलाले चाहि विवाह, घरपरिवार, घरायसी कामको कारण उच्च शिक्षालाई निरन्तरता दिनसकेका छैनन् । तलको तथ्यांक अनुसार उच्च शिक्षामा १२ पुरुष तथा ७ महिला गरि जम्मा १९ जना अर्थात ३.५% संख्या मात्र रहेको छन् । जस अनुसार महिलाको उपस्थितीको तुलनामा पुरुषको उपस्थिती अधिक रहेको छ । यसले पनि महिलाले शिक्षालाई निरन्तरता दिनसकेका छैनन् ।

### ४.१.५ चर्पिको सुविधा, यसको प्रकार र पिउने पानीको सुविधा अनुशार घरपरिवारको वितरण

स्वास्थ्य तथा सरसफाईको दृष्टिकोणले चर्पि तथा यसको प्रकार महत्वपूर्ण पाटोको रुपमा रहेको छ । त्यस्तै गरि पिउने पानीको सुविधाको आधारमा निम्न अनुशार वर्गिकरण गरिएको छ ।

**तालिका नं ५**

**चर्पिको सुविधा, यसको प्रकार र पिउने पानीको सुविधा अनुशार घरपरिवारको विवरण**

| rkL{ | गाउँ | | zx/ | | hDdf | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| % | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |
| %}g | 0 | 0=0 | 0 | 0=0 | 0 | 0=0 |
| hDdf | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |
| rkL}sf] k\|sf/ | | | | | | |
| cfw'lgs | 29 | 58=0 | 50 | 100=0 | 79 | 79=0 |
| k/Dk/fut | 21 | 42=0 | 0 | 0=0 | 21 | 21=0 |
| hDdf | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |
| lkpg] kfgLsf] ;\|f]t | | | | | | |
| wf/f | 40 | 80=0 | 36 | 72=0 | 76 | 76=0 |
| ट्o"jj]n | 4 | 8=0 | 14 | 28=0 | 18 | 18=0 |
| kf]v/L | 5 | 10=0 | 0 | 0=0 | 5 | 5=0 |
| glb | 1 | 2=0 | 0 | 0=0 | 1 | 1=0 |
| hDdf | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

अध्ययन क्षेत्रका १०० घरधुरी मध्ये सवै घरधुरीमा चर्पिको सुविधा रहको पाईएको छ । जसमध्ये ग्रामिण भेगमा आधुनिक तरिकाको चर्पिको प्रयोग गर्ने ५८ प्रतिशत परिवार रहेका छन् भने शहरी भेगमा १०० प्रतिशत नै रहेको छ ।

त्यस्तैगरी खानेपानी सुविधामा धाराको पानी पिउने परिवार गाउँको तुलनामा शहरी क्षेत्रमा कम रहेको छ । धाराको पानी पिउने परिवार गाउँमा ८० प्रतिशत रहेका छन् ( शर्मिला

लामाको अनुसार पहिले खाने पानीको सुविधा नजिकै नभएको, ईनार वा टाढा गएर पानी ल्याउनु पर्ने बाध्यता भएकोमा हाल आमा समूहकै सक्रियतामा खाने पानीको सुविधा भएको छ : अनुसूची १) भने शहरमा ७२ प्रतिशत परिवार रहेका छन् ।ग्रामिण भेग भन्दा शहरी भेगमा समथर भु भाग भएको कारण ट्यूववेल प्रयोग गर्ने परिवारको संख्या गाउँमा भन्दा शहरमा बढि रहेका छन् । शहरी क्षेत्रका २८ प्रतिशत परिवार ट्यूववेलको पानी पिउँछन् भने ग्रामिण भेगका ८ प्रतिशत परिवार ट्यूववेलको पानी पिउँछन् । ग्रामिण भेगका १० प्रतिशत परिवार पोखरीको पानी पिउँछन् भने २ प्रतिशत परिवार अझै पनि नदिको पानी पिउँछन् ।

## ४.२ व्यक्तिगत विवरण

### ४.२.१. उमेर समूह अनुशार जनसंख्या वितरण

यस अध्ययन क्षेत्रका आमा समूहमा आबद्ध रहेका १५ बर्ष देखि ६४ बर्षका महिलाहरुलाई ५-५ बर्षको उमेर अन्तरालमा विभाजन गरेर जानकारी प्राप्त गर्न खोजिएको छ ।

**तलिका नं ६**

**बसोवासको आधारमा उत्तरदाताको उमेर समूह अनुशार जनसंख्या वितरण**

| उमेर समूह | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| 15-19 | 0 | 0=0 | 0 | 0=0 | 0 | 0=0 |
| 20-24 | 1 | 2=0 | 0 | 0=0 | 1 | 1=0 |
| 25-29 | 7 | 14=0 | 3 | 6=0 | 10 | 10=0 |
| 30-34 | 14 | 28=0 | 15 | 30=0 | 29 | 29=0 |
| 35-39 | 21 | 42=0 | 8 | 16=0 | 29 | 29=0 |
| 40-44 | 5 | 10=0 | 10 | 20=0 | 15 | 15=0 |
| 45-49 | 7 | 14=0 | 7 | 14=0 | 14 | 14=0 |
| 50-54 | 4 | 8=0 | 4 | 8=0 | 8 | 8=0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 55-59 | 1 | 2=0 | 2 | 4=0 | 3 | 3=0 |
| 60-64 | 0 | 0=0 | 1 | 2=0 | 1 | 1=0 |
| hDdf | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण  २०७२

यस अध्ययन क्षेत्रका आमा समूहमा आबद्ध रहेका  महिलाहरुको उमेर समूह १५-१९ बर्ष अन्तरगत कुनैपनि महिला रहेका छैनन् भने ग्रामिण भेगमा ३५-३९, ३०-३४, ४५-४९ बर्षमा क्रमशः २१, १४,७ जना रहेका छन् भने शहरी भेगमा ३०-३४, ४०-४४, ३५-३९ बर्षमा क्रमशः १५, १०, ८ जना महिला रहेका छन् ।

### ४.२.२. जाति/जनजाती अनुशार व्यक्तिगत विवरण

यस अध्ययन क्षेत्रका महिलाहरुलाई जातिगत बाहुल्यताको आधारमा ५ वटा फरक फरक जातजातीमा विभाजन गरी विवरण संकलन गरिएको छ । जुन निम्न तालिका अनुशार प्रस्तुत गरिएको छ ।

**तलिका नं ७**

**बसोवासको आधारमा उत्तरदाताको जाति/जनजाती अनुशार व्यक्तिगत विवरण**

| जाति/जनजाती | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| ब्राहमण | 9 | 18=0 | 23 | 46=0 | 32 | 32=0 |
| क्षेत्री | 10 | 20=0 | 8 | 16=0 | 18 | 18=0 |
| जनजाती | 29 | 58=0 | 15 | 30=0 | 44 | 44=0 |
| दलित | 2 | 4=0 | 2 | 4=0 | 4 | 4=0 |
| मधेशी | 0 | 0=0 | 2 | 4=0 | 2 | 4=0 |
| जम्मा | 50 | 100==0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण  २०७२

तालिका नं ७ अनुशार सबैभन्दा बढि संख्या जनजाती समूह अन्तरगत पर्दछन् जुन कूल महिलाहरुको ४४ प्रतिशत रहेको छ । जसमा ग्रामिण क्षेत्रको १८ प्रतिशत र शहरी क्षेत्रको ४६

प्रतिशत रहेको छ । त्यस्तै दोस्रोमा ब्राहमण जाती पर्दछ, जुन ३२ प्रतिशत रहेको छ । जसमा ग्रामिण क्षेत्रका १८ प्रतिशत र शहरी क्षेत्रका ३२ प्रतिशत रहेको छ । दलित र मधेशी क्रमशः ४ र २ प्रतिशत रहेका छन् ।

### ४.२.२. धर्म अनुशार व्यक्तिगत विवरण

महिलाहरुको समग्र अवस्थामा प्रभाव पार्ने तत्वहरु मध्ये धर्म महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यस अध्ययन क्षेत्रका महिलाहरुलाई धर्मका आधारमा विभाजन गर्दा दुवै क्षेत्रमा धर्मको बाहुल्यताको आधारमा ३ वटा प्रमुख धर्ममा विभाजन गरिएको छ ।

**तलिका नं ८**

**बसोवासको आधारमा उत्तरदाताको धर्म अनुशार व्यक्तिगत विवरण**

| धर्म | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k|ltzt | ;+Vof | k|ltzt | ;+Vof | k|ltzt |
| हिन्दु | 27 | 54=0 | 42 | 84=0 | 69 | 69=0 |
| बौद्ध | 22 | 44=0 | 6 | 12=0 | 28 | 28=0 |
| क्रिस्चियन | 1 | 2=0 | 2 | 4=0 | 3 | 3=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

मथिको तालिका अनुशार ग्रामिण र शहरी दुवै क्षेत्रका महिलाहरुमा हिन्दु धर्म मान्ने महिलाहरुको बाहुल्यता रहेको छ । कूल संख्याको ६९ प्रतिशत महिलाहरु हिन्दु धर्म मान्ने देखिन्छ, जसमा ५४ प्रतिशत महिला गाउँका रहेका छन् भने ८४ प्रतिशत महिला शहरका रहेका छन् । त्यस्तै दोस्रोमा बौद्ध धर्म मान्ने महिलाहरु रहेका छन् ।जुन कूल संख्याको २८ प्रतिशत रहेको छ । जसमा गाउँ र शहरको ऋमशः ४४ प्रतिशत र १२ प्रतिशत रहेको छ । क्रिस्चियन धर्म मान्ने महिलाहरुको संख्या सबैभन्दा न्युन रहेको छ, जुन कूल संख्याको ३ प्रतिशत रहेको छ भने ग्रामिण भेगमा २ प्रतिशत र शहरी भेगमा ४ प्रतिशत रहेको छ ।

### ४.२.३. शैक्षिक स्थिति अनुशार व्यक्तिगत विवरण

शिक्षा आजको वर्तमान अवस्थामा अपरिहार्य गहना हो । सफलताको लागि तथा समाज परिवर्तनको लागि प्रत्येक घरपरिवारका व्यक्तिले शिक्षा पाउनु अति आवश्यक छ । सोहि अनुसार अध्ययन क्षेत्रका उत्तरदाता महिलाहरूको शैक्षिक स्थितिको बारेमा जान्ने प्रयास गरिएको थियो । जसबाट प्राप्त तथ्यांक अनुसार जो तालिका नं ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**वसोवासको आधारमा उत्तरदाताको शैक्षिक विवरण**

| शिक्षा | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| साक्षर | 26 | 52=0 | 36 | 72=0 | 62 | 62=0 |
| निरक्षर | 24 | 48=0 | 14 | 28=0 | 38 | 38=0 |
| जम्मा | 50 | 100 | 50 | 100 | 100 | 100 |
| z}llfs :t/ | | | | | | |
| प्रा.वि | 9 | 34=0 | 4 | 11=9 | 13 | 21=6 |
| नि.मा.वि | 8 | 31=2 | 10 | 28=6 | 18 | 29=7 |
| मा.वि | 3 | 12=5 | 9 | 23=8 | 12 | 18=9 |
| उच्च मा.वि. | 4 | 15=3 | 6 | 16=7 | 10 | 16=2 |
| स्नातक | 1 | 3=5 | 4 | 11=1 | 5 | 6=8 |
| स्नातकोत्तर | 1 | 3=5 | 3 | 8=3 | 4 | 6=8 |
| जम्मा | 26 | 100 | 36 | 100 | 62 | 100 |
| ljBfno ghfg'sf] sf/)f | | | | | | |
| गरिबी | 11 | 44=8 | 8 | 58=8 | 19 | 50=0 |
| छोरी भएकोले | 13 | 55=2 | 6 | 41=2 | 19 | 50=0 |

| जम्मा | 24 | 100=0 | 14 | 100=0 | 38 | 100=0 |
|---|---|---|---|---|---|---|

श्रोत: स्थलगत सर्वेक्षण  २०७२

अध्ययन क्षेत्रका महिलाहरुलाई शैक्षिक अवस्थाको आधारमा विभाजन गर्दा ग्रामिण र शहरी दुवै क्षेत्रका महिलाहरुमा साक्षर महिलाहरुको बाहुल्यता रहेको छ । कूल संख्याको ६२ प्रतिशत महिलाहरु साक्षर देखिन्छ, जसमा ५२ प्रतिशत महिला गाउँका रहेका छन् भने ७२ प्रतिशत महिला शहरका रहेका छन् । विभिन्न स्तरमा ग्रामिण महिला र शहरका महिलाको शैक्षिक स्थितीलाई तुलनात्मक रूपमा अध्ययन गर्दा ग्रामिण महिलाको प्रा.वि, नि.मा.वि., मा.वि. र उच्च शिक्षामा क्रमश ३४%, ३१%, १२.५%, १५.३% का दरले उपस्थिती देखिन्छ भने शहरी क्षेत्रका महिलाको प्रा.वि, नि.मा.वि., मा.वि. र उच्च शिक्षामा क्रमश ११.९%, २८.६%, २३.८%, १६.७% का दरले उपस्थिती देखिन्छ । त्यस्तै विद्यालय नजानुको कारणमा गरिबी र छोरी भएको कारण दुवैमा ५०-५० प्रतिशत रहेको देखिन्छ । छोरी भएको कारणले शहरमा र गरिबीको कारणले गाउँमा बसोवास गर्ने महिलाहरु विद्यालय जानबाट बञ्चित रहेको देखिन्छ ।

## ४.२.४ विवाह गर्दाको उमेर

अध्ययन क्षेत्रका महिलाहरूको वैवाहिक स्थिती कस्तो रहेको छ भनि पत्तालगाउन १०० जना उत्तरदाताको वैवाहिक स्थिती अनुसार चार तहमा विभाजन गरि तालीकामा प्रस्तुत गरिएको छ । साथै कुन उमेरमा कम तथा वढि विवाह हुन्छ भनि पत्ता लगाई विश्लेषण गर्न तिन उमेर समुहमा उत्तरदातालाई विभाजनगरि तातिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**विवाहगर्दाको उमेर अनुसार उत्तरदाताको विवरण**

| **विवाह गर्दाको उमेर** (वर्षमा) | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vo f | k\|ltzt |
| १८ बर्ष भन्दा कम | 41 | 82=0 | 33 | 66=0 | 74 | 74=0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९-२० | 5 | 10=0 | 7 | 14=0 | 12 | 12=0 |
| २१-२५ | 4 | 8=0 | 9 | 18=0 | 13 | 13=0 |
| २६ बर्ष भन्दा माथि | 0 | 0=0 | 1 | 2=0 | 1 | 1=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |
| विवाह गर्दाको मध्यक उमेर | दुवै स्थानमा १७ बर्ष | | | | | |

श्रोत: स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. १० अनुसार १०० उत्तरदातामध्ये १८ वर्ष भन्दा कम उमेर समुहमा ५४ जना, (१९-२०) वर्ष भित्रमा १२ जना र (२१-२५) वर्ष भित्रमा १३ जनाको विवाह भएको देखिन्छ। १८ वर्ष भित्रमा ग्रामिण र शहरी दुवै क्षेत्रमा सबभन्दा धेरै महिलाको विवाह भएको पाइयो। जुन क्रमशः ८२ प्रतिशत र ६६ प्रतिशत रहेको छ भने सबभन्दा कम २६ वर्ष भन्दा माथिको उमेरमा १ प्रतिशत महिलाको विवाह गरेको पाइयो। यसबाट के प्रष्ट हुन्छ भने अध्ययनक्षेत्रका महिलाहरूको अधिकांश विवाह २० बर्ष भन्दा माथि नभई १६ देखि २० वर्ष भित्र भैसक्छ। जसको कारणपनि आफ्नो शिक्षालाई निरन्तरता दिन सक्दैनन्। अन्य सामाजिक-आर्थिक तथा उच्च शिक्षामा भन्दा बढि पारिवारीक दायित्वा वहन गर्न व्यस्त रहेको पाइयो। तालिकामा प्रस्तुत तथ्यांकको अवस्थालाई हेर्दा अधिकांश महिलाहरूको विवाह ढिलामा २५ वर्ष भित्र भैसक्छ किनभने यदि ढिला विवाह गऱ्यो भने समाजमा केटा नपाएर बसेको वा बुढि कन्या भै भनेर अपहेलना गर्ने प्रचलन व्याप्त छ। छरछिमेकी तथा परिवारले अत्ताउने गरिन्छ। त्यसकारण पनि धेरै उमेरसम्म विवाह नगरी बस्दैनन्। त्यसमध्ये पनि १८ वर्ष भित्र बढि महिलाका विवाह भैसक्छ। जुन तालिका नं १० बाट प्रष्ट हुन्छ। यसो हुनुमा अर्काको घरजाने जात हो समयमानै गए राम्रो हुन्छ तथा बाबुआमा पनि ढुक्क हुने गरेको पाइयो। एक परम्परागत सोच अर्को सामाजिक अपहेलनाको कारण यो उमेरमा प्रायको विवाह भैसक्छ। सबैलाई छोराले बुहारि ल्याए घरको खेतीपातीको काममा सहयोग हुन्थ्यो भन्ने आशा पनि हुन्छ। छिटो विवाहका कारण पनि सन्तान जन्मेको देखिन्छ।

## ४.२.५ पहिलो बच्चा जन्माउँदाको उमेर

प्रजनन स्वास्थ्यका दृष्टिले महिलाहरुको बच्चा  जन्माउने उपयुक्त उमेर २० बर्ष देखि ३० बर्ष सम्म रहेको भएता पनि विभिन्न कारणहरुले गर्दा महिलाहरुले २० बर्ष भन्दा अगाडी नै बच्चा जन्माउने गर्दछन् । यस अध्ययन क्षेत्रका महिलाहरुको पहिलो बच्चा जन्माउंदाको उमेरलाई ३ भागमा विभाजन गरेर विष्लेषण गरिएको छ ।

**तालिका नं. ११**

**पहिलो बच्चा जन्माउँदाको उमेर अनुशार उत्तरदाताको विवरण**

| पहिलो बच्चा जन्माउँदाको उमेर | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k|ltzt | ;+Vof | k|ltzt | ;+Vof | k|ltzt |
| १६-२० | 45 | 90=0 | 32 | 64=0 | 77 | 77=0 |
| २१-२५ | 5 | 10=0 | 16 | 32=0 | 21 | 21=0 |
| २६-३० | 0 | 0=0 | 2 | 4=0 | 2 | 2=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण  २०७२

तालिका नं ११ अनुशार यस अध्ययन क्षेत्रका महिलाहरु मध्ये ७७ प्रतिशत महिलाहरुले १५ देखि २० वर्ष उमेर समूहको बिचमा पहिलो पटक बच्चा जन्माएका छन् । ग्रामिण र शहरी दुवै क्षेत्रमा यस उमेर समूहका महिलाहरुले पहिलो बच्चा जन्माएको देखिन्छ । जहाँ ग्रामिण क्षेत्रका ९० प्रतिशत र शहरी क्षेत्रका ६४ प्रतिशत महिला रहेका छन् भने सबैभन्दा कम २६ देखि ३० बर्ष उमेर समूहका महिलाहरुले पहिलो बच्चा जन्माएको देखिन्छ ।

## ४.२.६ उत्तरदाताको पेशागत विवरण

नेपाली समाजमा परिवार भित्र पनि बिभिन्न खालको पेशा अपनाएको पाईन्छ । जीवीकोउपार्जनको मुख्य आधारको रूपमा परिवार को एउटा पेशा भएतापनि जमीनको उर्वराशक्ति घट्दो तथा जनसंख्या वृद्धिको कारण समय परिवर्तन सँगै परिवारका सदस्यहरूले वैकल्पिक पेशा अपनाएको पाईन्छ । जसको लागि पेशा तथा व्यवसायलाई ४ भागमा बिभाजन गरि अध्ययन क्षेत्रका मानिसहरूको पेशागत विवरण लिने प्रयार गरिएको छ । जुन बाट प्राप्त तथ्यांकलाई प्रस्तुत तालिकामा देखाईएको छ ।

**तालिका नं. १२**

**उत्तरदाताको पेशागत विवरण अनुशार जनसंख्या वितरण**

<table>
<tr><td>पेशा</td><td colspan="2">गाउँ</td><td colspan="2">शहर</td><td colspan="2">जम्मा</td></tr>
<tr><td></td><td>;+Vof</td><td>k|ltzt</td><td>;+Vof</td><td>k|ltzt</td><td>;+Vof</td><td>k|ltzt</td></tr>
<tr><td>कृषि</td><td>14</td><td>28=0</td><td>3</td><td>6=0</td><td>17</td><td>17=0</td></tr>
<tr><td>जागिर</td><td>2</td><td>4=0</td><td>7</td><td>14=0</td><td>9</td><td>9=0</td></tr>
<tr><td>व्यापार</td><td>5</td><td>10=0</td><td>4</td><td>8=0</td><td>9</td><td>9=0</td></tr>
<tr><td>श्रमिक</td><td>2</td><td>4=0</td><td>1</td><td>2=0</td><td>3</td><td>3=0</td></tr>
<tr><td>दैनिक मजदुरी</td><td>4</td><td>8=0</td><td>4</td><td>8=0</td><td>8</td><td>8=0</td></tr>
<tr><td>घरको काम</td><td>23</td><td>46=0</td><td>30</td><td>60=0</td><td>53</td><td>53=0</td></tr>
<tr><td>विद्यार्थि</td><td>0</td><td>0=0</td><td>1</td><td>2=0</td><td>1</td><td>1=0</td></tr>
<tr><td>जम्मा</td><td>50</td><td>100=0</td><td>50</td><td>100=0</td><td>100</td><td>100=0</td></tr>
</table>


श्रोत: स्थलगत सर्वेक्षण २०७२

यस अध्ययन क्षेत्रमा रहेका १०० जना महिलाहरु मध्ये सबै भन्दा बढि ५३ प्रतिशत महिलाहरु घरायसी काममा आवद्ध रहेको देखिन्छ । त्यस्तै दोस्रोमा १७ प्रतिशत महिला कृषि पेशामा आवद्ध छन् भने त्यसमा ग्रामिण क्षेत्रका २८ प्रतिशत र शहरी क्षेत्रका ६ प्रतिशत महिला रहेका छन् । त्यसैगरी ९/९ प्रतिशत महिला जागिरे र व्यापारमा संलग्न छन् । घर बाहिर गएर गर्ने काम जस्तै जागिर, व्यापार, मजदुरी, लगायतमा ग्रामिण क्षेत्र भन्दा शहरी क्षेत्रका महिलाको संख्या तुलनात्मक रुपमा बढि रहेको छ ।

माथि तालिकामा प्रस्तुत गरिएको विवरणलाई निम्न चित्रद्धारा प्रष्ट पार्न सकिन्छ ।

**चित्र नं १**

**उत्तरदाताको पेशागत विवरण अनुशार जनसंख्या वितरण**




श्रोत: स्थलगत सर्वेक्षण २०७२

## ४.२.७ परिवार नियोजन साधनको प्रयोगकर्ताको विवरण

अधिकांस नेपाली समाज परम्परागत मूल्य मान्यता अनुसार चलेको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि बढि क्षेत्री जातिको बाहुल्यताको रहेको कारण धार्मीक विचार धाराको बढि हावि रहेको छ । जुन कुराको प्रभाव परिवारभित्रको पारिवारीक संख्या तथा छोराछोरी कति जन्माउने भन्ने कुरामा पनि परेको पाइन्छ ।

**तालिका नं. १३**

**परिवार नियोजन साधनको प्रकार अनुशार उत्तरदाताको विवरण**


| साधनको प्रकार | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt | ;+Vof | k\|ltzt |
| स्थाई | 23 | 46=0 | 27 | 54=0 | 50 | 50=0 |
| अस्थाई | 20 | 40=0 | 20 | 40=0 | 40 | 40=0 |
| छैन | 7 | 14=0 | 3 | 6=0 | 10 | 10=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

यस अध्ययन क्षेत्रका महिलाहरु मध्ये ५० प्रतिशत महिलाहरुले स्थाई परिवार नियोजनको साधन प्रयोग गरेका छन् भने अस्थाई साधन प्रयोगकर्ता महिलाहरु ४० प्रतिशत महिलाहरुले अस्थाई साधन प्रयोग गरेको पाईयो । १० प्रतिशत महिलाहरुले भने कुनै पनि परिवार नियोजनका साधन प्रयोग नगरेको पाईयो । जसमा धेरैजसो महिलाहरुको श्रीमान विदेशमा रहेकोले परिवार नियोजनको साधन प्रयोग नगरको पाईयो । जसलाई तलको चित्रद्धारा पनि प्रष्ट पार्न सकिन्छ ।

**चित्र नं २**

**परिवार नियोजन साधनको प्रकार अनुशार उत्तरदाताको विवरण**




श्रोत: स्थलगत सर्वेक्षण २०७२

## ४.२.८ सुत्केरी गराउने ब्यक्ति र सुत्केरी भएको ठाउँ

सुत्केरी गराउने स्थान र ब्यक्ति अनुशार पनि महिलाको प्रजनन स्वास्थ्यमा प्रभाव पर्ने गर्दछ । त्यसकारण महिलाहरुले सुत्केरी गराउँदा उपयुक्त स्थान र सहयोगीको आवस्यकता पर्दछ । तालिका नं. १४ मा सुत्केरी गराउने ब्यक्ति र ठाउँको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४**

**सुत्केरी गराउने ब्यक्ति र सुत्केरी भएको ठाउँको विवरण**

<table>
<tr><td rowspan="2">सुत्केरी गराउने ब्यक्ति</td><td colspan="2">गाउँ</td><td colspan="2">शहर</td><td colspan="2">जम्मा</td></tr>
<tr><td>;+Vof</td><td>k|ltzt</td><td>;+Vof</td><td>k|ltzt</td><td>;+Vof</td><td>k|ltzt</td></tr>
<tr><td>डाक्टर</td><td>14</td><td>28=0</td><td>15</td><td>30=0</td><td>29</td><td>29=0</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नर्स | 18 | 36=0 | 25 | 50=0 | 43 | 43=0 |
| स्वास्थ्य सहायक | 3 | 6=0 | 3 | 6=0 | 6 | 6=0 |
| अ.हे.व | 2 | 4=0 | 0 | 0=0 | 2 | 2=0 |
| अ.न.मी. | 2 | 4=0 | 1 | 2=0 | 3 | 3=0 |
| आफन्त | 8 | 16=0 | 6 | 12=0 | 14 | 14=0 |
| छिमेकी | 2 | 4=0 | 0 | 0=0 | 2 | 2=0 |
| एक्लै | 1 | 2=0 | 0 | 0=0 | 1 | 1=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |
| सुत्केरी भएको ठाउँ | | | | | | |
| घर | 13 | 26=0 | 7 | 14=0 | 20 | 20=0 |
| अस्पताल | 27 | 54=0 | 40 | 80=0 | 67 | 67=0 |
| स्वास्थ्य चौकी | 10 | 20=0 | 3 | 6=0 | 13 | 13=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

यस अध्ययन क्षेत्रका महिलाहरु मध्ये सबैभन्दा बढी ४३ प्रतिशत महिलाहरुले नर्सद्वारा सुत्केरी गराएको पाईयो भने ग्रामिण क्षेत्रको तुलनामा शहरी क्षेत्रका बढि महिलाहरुले नर्ससंग सुत्केरी गराएको पाईयो । त्यस्तै दोस्रोमा डाक्टरसंग सुत्केरी गराउने महिला रहेका छन् । जसमा शहरमा २९ प्रतिशत र गाउँमा २८ प्रतिशत रहेका छन् । तेस्रोमा आफन्तबाट सुत्केरी गराउने महिलाहरु रहेका छन् । तुलनात्मक रुपमा शहरी क्षेत्रको तुलनामा ग्रामिण क्षेत्रका महिलाहरुको छिमेकीद्धारा सुत्केरी गराईने गरको पाईयो ।

त्यस्तैगरी अस्पतालमा सुत्केरी गराउने महिलाको संख्या सबैभन्दा बढी (६७%) रहेको छ भने ग्रामिण क्षेत्रको तुलनामा शहरी क्षेत्रका महिलाहरुले अस्पतालमा सुत्केरी गराउने गरेका छन्

। त्यसकै विपरित स्वास्थ्य चौकिमा सुत्केरी गराउने महिलाहरुमा शहरको तुलनामा गाउँमा बढी रहेको छ । जुन शहरमा ६ प्रतिशत रहेको छ भने गाउँमा २० प्रतिशत रहेको छ । त्यस्तै घरमा सुत्केरी गराउने महिलाको संख्या पनि गाउँकै महिलाहरुको रहेको छ ।

## ४.३ जमीन माथिको स्वामीत्वको अवस्था

नेपाली समाजमा पैत्रीक सम्पतिमाथि महिलाको न अधिकार न त स्वामीत्वनै छ । सोहि अनुसार यस क्षेत्रका महिलाहरूको आफ्नो नाममा पैत्रिक सम्पत्ति कमैको मात्र रहेको पाइयो जसको श्रीमानको मृत्यू भैसकेको छ त्यस्ता परिवारमा श्रीमतीको नाममा पैत्रिक सम्पति रहेको पाइयो । पैत्रिक सम्पति बाहेक अन्य व्यक्तिगत कमाइबाट किनेको सम्पति छ वा छैन भनेर जान्न तथ्यांक संकलन गरिएको थियो । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**जमीन माथिको स्वामीत्वको आधारमा उत्तरदाताको विवरण**


| जमीन माथिको स्वामीत्व | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छ | 12 | 24=0 | 30 | 60=0 | 42 | 42=0 |
| छैन | 38 | 76=0 | 20 | 40=0 | 58 | 58=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोत: स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका अनुशार कूल महिलाहरु मध्ये ४२ प्रतिशत महिलाहरुको आफ्नो नाममा सम्पत्ति भएको पाईयो । जसमा शहरको तुलनामा गाउँमा न्युन संख्यामा महिलाहरुको नाममा सम्पत्ति रहेको पाईयो ।

**चित्र नं. ३**

**जमीन माथिको स्वामीत्वको आधारमा उत्तरदाताको विवरण**




स्रोत : स्थलगत सर्वेक्षण २०७२

मथिको चित्र अनुशार कम महिलाहरूको आफनो नाममा जग्गा हुनुमा केही महिला विधवा भएको कारण पुर्खौली सम्पति नाममा छ भने बाँकि जो प्राय नोकरी गर्दछन् । उनीहरूको नाममा सम्पति रहेको पाइयो । यस तथ्यांकको आधारमा प्रष्ट देख्न सकिन्छ कि अध्ययन क्षेत्रका महिलाहरू प्रत्यक्ष आम्दानीका क्षेत्रबाट बन्चीत छन् ।

## ४.४ घरको काममा परिवारको सहयोगको अवस्था

हाम्रो समाजमा घरभित्रको कामलाई कामको रुपमा लिईंदैन । अझ ग्रामिण भेगमा त घर भित्रको काम (खाना पकाउने, भाँडा माझ्ने, कपडा धुने,बालबच्चाको स्याहारसुसार, गाईबस्तुको हेरचाहा गर्ने) लाई बृद्ध, वालवालिका, महिला आदि जुन शारिरक रुपमा कमजोर छन्, जसले घर बाहिरको काम गर्न सक्दैन, उसैले गर्ने चलन रहेको पाईन्छ ।

## तालिका नं. १६

## घरको काममा सहयोग गर्ने सदस्यको विवरण

| नाता | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| श्रीमान | 14 | 28=0 | 15 | 30=0 | 29 | 29=0 |
| सासू | 18 | 36=0 | 25 | 50=0 | 43 | 43=0 |
| ससूरा | 3 | 6=0 | 3 | 6=0 | 6 | 6=0 |
| छोरा | 2 | 4=0 | 0 | 0=0 | 2 | 2=0 |
| छोरी | 2 | 4=0 | 1 | 2=0 | 3 | 3=0 |
| अन्य | 8 | 16=0 | 5 | 10=0 | 13 | 13=0 |
| कसैले पनि नसघाउने | 3 | 6=0 | 1 | 2=0 | 4 | 4=0 |
| जम्मा | 50 | 50=0 | 50 | 50=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

शहरी क्षेत्रमा जो महिला जागिरे छन् अथवा आर्थिक क्रियाकलापमा सक्रिय छन् उनिहरुको घरको काममा अन्य सदस्यले सघाउने गरेको पाईयो । घरको काममा सबैभन्दा बढि सासूले सहयोग गरेको पाईयो । जुन कूल परिवार संख्याको ४३ प्रतिशत रहेको छ । तुलनात्मक रुपमा शहरको परिवारमा सासुको सहयोग बढि रहेको पाईयो । त्यस पछि क्रमशः श्रीमान, ससूरा, छोरी, छोरा र घरका अन्य सदस्य २९, ६, ३, २, १३ प्रतिशत रहेको पाईयो ।

# अध्याय ५

## विभिन्न तालिमहरु र त्यसको प्रभाव

### ५.१ प्राप्त तालिम र त्यसको प्रकार

विभिन्न समयमा आमा समूहका महिलाहरुलाई आर्थिक, शैक्षिक, व्यक्तित्व बिकास, निर्णय निर्माण लगायतका तालिमहरुमा सहभागी गराईन्छ । यस्ता तालिमहरुले महिलाहरुको क्षमता विकासमा सहयोग पुग्ने गर्दछ ।

**तालिका नं. १७**

**विभिन्न विकासको तालिममा सहभागी सदस्यको विवरण**

| तालिमको प्रकार | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| z}llfs | 20 | 40=0 | 12 | 24=0 | 32 | 32=0 |
| cfly{s | 18 | 36=0 | 25 | 50=0 | 43 | 43=0 |
| AolQmTj ljsf; | 3 | 6=0 | 3 | 6=0 | 6 | 6=0 |
| निण{o lgdf{ण | 5 | 10=0 | 6 | 12=0 | 11 | 11=0 |
| cGo | 4 | 8=0 | 4 | 8=0 | 8 | 3=0 |

श्रोतः स्थलगत सर्वेक्षण  २०७२

यस अध्ययन क्षेत्रका महिलाहरुले विभिन्न समयमा फरक फरक प्रकारका तालिमहरु लिएका छन् । विशेष गरी आर्थिक विकासका तालिममा बढि सहभागिता रहेको पाईयो । जसमा शहरी क्षेत्रका महिलाहरु ५० प्रतिशत र ग्रामिण क्षेत्रका महिलाहरु ३६ प्रतिशत सहभागी रहेका छन् । (तारा कार्कीले कपडा सिलाउने तालिमबाट आफ्नो आय आर्जनमा बृद्धि गर्नु भएको छ : अनुसूची १ वाट लिईएको) दास्रोमा शैक्षिक तालिम रहेको छ । जसमा ग्रामिण भेगका महिलाहरुको सहभागीता बढि रहेको छ । निर्णय निर्माणमा ११ प्रतिशत महिलाले तालिम लिएका छन् भने ब्यक्तित्व बिकास सम्वन्धि तालिममा ६ प्रतिशत महिलाहरु सहभागी रहेका छन् ।

## 5=2 tflndsf ;|f]tx?

आमा समूहका महिलाहरुको विकासको लागि सञ्चालन गरिएको विभिन्न तालिमहरु मध्ये सबै भन्दा बढि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुद्वारा प्रदान गरिएको छ । जुन निम्न तालिकाद्धारा प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. १८**

**विभिन्न विकासको तालिमको स्रोतको विवरण**

| स्रोतको प्रकार | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| नगरपालिका | 10 | 20=0 | 14 | 28=0 | 24 | 24=0 |
| जि.वि.स | 11 | 22=0 | 11 | 22=0 | 22 | 22=0 |
| गा.वि.स | 16 | 32=0 | 0 | 0=0 | 16 | 16=0 |
| राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु | 12 | 24=0 | 21 | 42=0 | 33 | 33=0 |
| अन्य | 1 | 2=0 | 4 | 8=0 | 5 | 5=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका नं.१८ अनुशार शहरी क्षेत्रमा २१ प्रतिशत र ग्रामिण क्षेत्रमा १२ प्रतिशत रहेको छ । दोस्रोमा नगरपालिका रहेको छ, जसले ग्रामिण क्षेत्रमा १० प्रतिशत र शहरी क्षेत्रमा १४ प्रतिशत तालिम सञ्चालन गरेको छ । तेस्रो स्थानमा जि.वि.स.२२ प्रतिशत, गा.वि.स.१६ प्रतिशत र अन्य ५ प्रतिशत रहेका छन् ।

## ५.३ जीवनस्तर परिवर्तन

विभिन्न प्रकारका तालिमबाट प्राप्त ज्ञान र सीपको माध्ययमबाट महिलाहरुको जीवनस्तरमा परिवर्तन ल्याउने उद्देश्यले सञ्चालित कार्यक्रमहरुले महिलाहरुको दैनिक जीवनशैलीमा पारेको सकारात्मक प्रभावको वारेमा तलको तालिका र चित्रमा चर्चा गरिएको छ

### तालिका नं. १९

### विभिन्न विकासको तालिमले जीवनस्तरमा ल्याएको परिवर्तन


| जीवनस्तर परिवर्तन | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छ | 43 | 86=0 | 42 | 60=0 | 85 | 85=0 |
| छैन | 3 | 6=0 | 1 | 2=0 | 4 | 4=0 |
| थाहा छैन | 4 | 8=0 | 7 | 14=0 | 11 | 11=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 10=0 |

श्रोतः स्थलगत सर्वेक्षण  २०७२

८५ प्रतिशत महिलाहरुमा यस्ता तालिमहरुको सकारात्मक प्रभाव रहेको देखिन्छ । जसले उनिहरुको दैनिकीमा परिवर्तन ल्याएको छ भने ४ प्रतिशत महिलाहरुमा परिवर्तन ल्याउन सकेको छैन । त्यस्तै परिवर्तन भए नभएको थाहा नहुनेहरु ११ प्रतिशत रहेका छन् ।

### चित्र नं ४

### विभिन्न विकासको तालिमले जीवनस्तरमा ल्याएको परिवर्तन




श्रोत स्थलगत सर्वेक्षण  २०७२

## ५.४ राजनीतिमा सहभागिता र परिवारको सहयोग

समयको परिवर्तन संगसंगै राजनितीक क्षेत्रमा महिलाको सहभागिताको क्रम बृद्धि हुदै गैरहेको अवस्थामा यस अध्ययन क्षेत्रका महिलाहरुको राजनितिमा प्रत्यक्ष्य सहभागिता र यसमा परिवारको सहयोगको अवस्थाको विवरणको विष्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. २०**

**राजनितीमा सहभागिता र परिवारको सहयोग**

| राजनितिक सहभागिता | गाउँ | | शहर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छ | 6 | 12=0 | 4 | 8=0 | 10 | 10=0 |
| छैन | 44 | 88=0 | 46 | 92=0 | 90 | 90=0 |
| जम्मा | 50 | 100=0 | 50 | 100=0 | 100 | 100=0 |
| kl/jf/sf] ;xof]u | | | | | | |
| छ | 6 | 100=0 | 4 | 100=0 | 10 | 100=0 |
| छैन | 0 | 0=0 | 0 | 0=0 | 0 | 00=0 |
| जम्मा | 6 | 100=0 | 6 | 100=0 | 10 | 100=0 |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

आमा समूहका महिलाहरु मध्ये ९० प्रतिशत महिलाहरु राजनितिमा प्रत्यक्ष रुपमा सहभागि नरहेको देखिन्छ । १० प्रतिशत राजनितिमा सहभागी महिलाहरु मध्ये ग्रामिण क्षेत्रका १२ प्रतिशत र ४ प्रतिशत शहरी क्षेत्रका रहेका छन् । जसमध्ये सत प्रतिशत महिलाहरुलाई उनिहरुको परिवारको सहयोग प्राप्त रहेको देखिन्छ । ग्रामिण भेगमा अझै पनि राजनितिमा महिलाहरुको सक्रिय सहभागिता नहुनुमा जनचेतनाको कमि नै देखिएको छ । राजनिति प्रती सकारात्मक सोचाई भएकाहरुमा पनि राजनितीमा आकर्षण भने कमै रहेको पाईयो ।

# अध्याय ६

# सारांश, निष्कर्ष

## ६.१ सारांश

नेपालमा परम्परागत रुपमा चलेका सामाजिक मूल्य र मान्यताको प्रचलनले गर्दा महिला पुरुषको तुलनामा हरेक क्षेत्रमा पछाडी परेका छन् । महिलाहरुले श्रममूलक काममा जति श्रम लगाए पनि कामको मूल्याङ्कन गरिएको हुदैन जसले गर्दा उनिहरु सामाजिक एवं आर्थिक बिकासमा शसक्त हुन सकेका छैनन् । बिश्वकै आधा जनसंख्या ओगटेको महिलाको विकास नभइ कुनैपनि राष्ट्रको समुन्नत, चौतर्फी र दिगो विकास संभव छैन । बि.सं. २०१३ सालदेखी नेपालमा योजनाबद्ध बिकासको सूरुवात भएतापनि बिकास र आर्थिक कार्यक्रमहरुमा महिलाको भूमिकालाई कम आकंलन गरिएको हुनाले महिलावादि आर्थिक गतिबिधिको शुरुवात सँगै आमा समूहको उदय भएको मानिन्छ । तसर्थः महिला उन्मुख गतिबिधिहरुको पर्याप्त बिकास र बिस्तारको आवश्यकता महसुस गरिएकै सन्दर्भमा बिभिन्न क्षेत्रबाट आमा समूहको उदय भयो ।

विश्व लगायत नेपालमा आधा आकास ओगटेका महिला संख्याको विकास निर्माण प्रक्रियामा समान सहभागिताको अपरिहार्यताको पहिचान स्वरुप महिला सशक्तिकरणका विभिन्न कार्यक्रमहरु विश्व जगत एवं नेपालमा पनि विभिन्न नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, पर्यवेक्षण र अनुगमन समेत भईरहेको छ । एउटा महिला सक्षम भएमा परिवार, समाज लगायत पुरै राष्ट्र नै सक्षम हुन सक्दछ । यस सोध पत्रको मुख्य उद्देश्य हेटौंडा उपमहानगरपालिका वडा नं. ४ र २९ मा महिला सशक्तिकरणका लागि आमा समुहद्वारा हालसम्म गरिएका प्रयासहरु र त्यसको अवस्था पत्ता लगाउने र आमा समूहका कार्यक्रमबाट महिलाहरुमा परेको प्रभावको अध्ययन गर्ने रहेको छ ।

यसै सन्दर्भमा पुरै राष्ट्रलाई समेटन नसकेता पनि मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चल मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिकाको २ वटा वडाका १०० जना नमूना महिलालाई उद्देश्यमूलक नमूना छनौट विधि अपनाई छनौट गरी अध्ययन गरिने छ । हेटौंडा उपमहानगरपालिकामा महिला सशक्तिकरणका लागि भएका प्रयासहरु, अवस्था र प्रभाव अध्ययन गर्ने उद्देश्य सहित वर्णनात्मक र विष्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी तथ्यांकको स्रोतको रूपमा प्राथमीक तथा द्धितीय स्रोतलाई प्रयोग गरिएको छ । अवलोकन,

अन्तरवार्ता, विशीष्ट जानकार व्यक्तिहरूसँग छलफल, संरचित तथा असंरचित प्रश्नावली जस्ता विधिहरूबाट परिणात्मक तथा गुणात्मक तथ्यहरू संकलन गरिएको छ । अध्ययनका लागी चाहिने तथ्यांकहरू प्राथमीक श्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, स्थलगत अवलोकन मुख्य सुचनादाताको अन्तरवार्ता जस्ता माध्यमहरू प्रयोग गरिएका छन् । त्यस्तैगरि द्धितिय श्रोत अन्तरगत महिलाका विभिन्न पक्षका सम्बन्धमा लेखिएका लेख, पुस्तक, तथ्यांक विभाग प्रकाशीत तथा अप्रकासीत लेख, साहित्यीक पत्रीका, प्रतिवेदन विभिन्न संस्थाहरूको प्रतिवेदन आदिबाट पनि आवश्यक सुचनाहरू संकलन गरिएका छन् । यसरी संकलन गरिएका तथ्यांकलाई तालिका र चार्ट बनाई प्रस्तुत गरि आवश्यकता अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ ।

शोध अध्ययनका क्रममा हेटौंडा उपमहानगरपालिका वडा नं. ४ र २९ का आमा समूहहरु मध्ये १०० जना नमुना छनौटमा परेका छन् । १०० घरधुरीमा स्थलगत सर्वेक्षण अनुसार जम्मा ६०२ जनसंख्या रहेका छन् । यी मध्ये पुरुष ५० % र महिला ५०% रहेका छन् । जसमा १५ देखि १९ बर्ष समूहमा सबैभन्दा बढि संख्या रहेको छ ।

पारिवारिक विवरणको अध्ययन गर्दा गाउँ र शहर दुवै क्षेत्रका १००% घरहरुमा चर्पीको प्रयोग भएको पाईयो । जसमा ७९ प्रतिशत घरमा आधुनिक चर्पीको प्रयोग भएको पाईयो । पिउने पानीको लागि सबैभन्दा बढी ७६% ले धाराको प्रयोग गरेको पाईयो भने दोस्रोमा ट्युवेलको प्रयोग गरेको पाईयो ।

जातिगत विवरण हेर्दा सबैभन्दा बढी जनजाती समूहमा रहेका छन् । ग्रामिण भेगमा सबैभन्दा बढी ५८% प्रतिशत महिलाहरु जनजाती समूहमा पर्दछन् भने शहरी भेगमा सबैभन्दा बढी ४६% महिलाहरु ब्रहमण रहेका छन् । धर्म अनुशार अध्ययन गर्दा हिन्दु धर्म मान्ने महिलाहरु ६९% रहेका छन् । शहरी क्षेत्रमा हिन्दु धर्म मान्ने महिलाहरु बढी रहेका छन् भने ग्रामिण क्षेत्रमा सबैभन्दा बढी बौद्ध धर्म मान्ने महिलाहरु रहेका छन् ।

वैवाहिक स्थितीलाई हेर्दा २६.८% महिला २६.८% पुरुष विवाहित, ०.६% विधवा, ०.४%विदुर र ०.२% महिलाको सम्बन्ध विच्छेद भएको पाइयो । जम्मा उत्तरदाता मध्ये अधिकांस ५४% को १८ वर्ष भन्दा कम उमेरमा विवाह भएको पाइयो । जसको कारण अधिकांस महिलाहरूले छिट्टैनै घरव्यवहार र बच्चा जन्माउने काममा संलग्न भएको देखिन्छ । शहरका

६४% र गाउँका ९०% महिलाहरुले १६ देखि २० बर्षको उमेरमा पहिलो बच्चा जन्माएको देखिन्छ । जसको प्रभाव शिक्षामा परेको पाइयो । सर्वेक्षण अनुसार १०० उत्तरदातामध्ये ५०% महिलाको दम्पतिले स्थाई परिवार नियोजनको साधन प्रयोग पाईयो भने ४० प्रतिशतले अस्थाई साधन प्रयोग गरेको पाईयो र १०% ले कुनैपनि साधन प्रयोग नगरको पाइयो । १०० उत्तरदातामध्ये ६२% साक्षर र  ३८% पुरै निरक्षर भएको पाइयो । जसमा गाउँमा ५२% र शहरमा ६२% साक्षर महिला रहेको पाइयो ।  उच्च शिक्षा हासिल गर्ने महिलाहरुमा गाउँमा ३.५% र शहरमा ८.३% रहेको पाईयो ।

उत्तरदाताको पारिवारिक पेशालाई हेर्दा १७% घरधुरीले जागिर तथा अन्य ब्यापार, कृषि, वैदेशिक रोजगारीमा चाहि जागिरको तुलनामा कम परिवार संलग्न भएको भेटियो । सबैभन्दा बढि ३५.३% विद्यार्थि रहेको पाईयो । कृषिमा जनशक्ति बिस्तारै घटेको पाइयो । उत्तरदाताको पेशागत विवरण हेर्दा गाउँमा २८% र शहरमा ६% महिलाहरु कृषि पेशामा संलग्न रहेको पाईयो । शहरका १४% महिला र गाउँका ४% महिलाहरु जागिरे रहेका छन् । सबैभन्दा बढि ४६% गाउँका र ६०% शहरका महिलाहरु घरको काममा सिमित रहेको पाईयो ।

जमीनमाथिको स्वामीत्व रहेका महिलाहरू एकदमै कम ४२% देखियो । जसमा गाउँमा २४% र शहरमा ६०% महिलाको नाममा जमिन रहेको पाईयो । जो पछि किनेको बढि जस्तो आफ्नै सक्रियता मा किनेको देखियो भने कतिपयको दाईजो तथा पेवाबाट प्राप्त भएको पाईयो ।

आमा समूहमा आवद्ध भएपछि विभिन्न किसिमको तालिमहरुमा सहभागी हुने अवसर प्राप्त गरेको र विषेशगरि आर्थिक विकासका तालिममा सहभागी महिलाहरुको प्रतिशत बढि रहेको देखियो । जसबाट महिलाहरुको आयस्तरमा बृद्धि भएको पाईयो । यस्ता तालिमहरुबाट जीवनस्तर परिवर्तन भएका महिलाहरु ८५% रहेका छन् । जसमा अधिकांश महिलाहरु गाउँका रहेका छन् । यस्ता तालिमहरुले उनिहरुको दैनिकीमा क्रमशः परिवर्तन आएको पाईयो । निरक्षरबाट साक्षर, निर्णय प्रक्रियामा सहयोग लगायतका विविध पक्षमा परिवर्तन आएको देखियो । त्यस्तै गरि नमूना छनौटमा परेका आमा समूहमा आवद्ध महिलाहरु मध्ये १०% महिलाहरु प्रत्यक्ष रुपमा राजनितिमा संलग्न रहेका छन् भने ति सम्पूर्ण महिलाहरुलाई परिवारको पूर्ण सहयोग रहेको पाईयो ।

## ६.२ निष्कर्ष

महिलावादि सिदान्तमा आधारित  यस अनुन्धान बाट के निश्कर्ष निकाल्न सकिन्छ भने हेटौंडा उपमहानगरपालिकामा सञ्चालित आमा समूह, महिला केन्द्रित आर्थिक गतिबिधिलाई निरन्तरता दिने एक अनौपचारिक संस्था हो । आफ्नो संस्कृतिको संरक्षण, व्यक्तित्व विकास, टोलको बिकासको नेतृत्व लिने आमा समूह महिला अधिकारका लागी पनि त्यतिकै सक्रिय भएको पाइएको छ । यस समूहमा हिन्दू धर्म मान्ने, ३०-३९ बर्ष उमेर समूहका, साधारण साक्षर महिला, पेशागत रुपमा गृहणी बढी मात्रामा पाइएको यस समूह  अघि बढ्न खोजिरहेको छ । साधारण साक्षर महिला बढि मात्रामा भएपनि यो समूहले आफ्नो टोलमा सामूदायिक कार्यहरु गर्दै आएको छ । सामूदायिक कार्य अन्तरगत खाने पानी बितरण, आफ्नो टोल वरिपरि सरसफाई, मदिरा सेवन तथा बिक्रि वितरणमा नियन्त्रण जस्ता सामूदायिक कार्यहरु गर्दै आएको देखिन्छ भने त्यसै गरि सामूहिक कार्यहरुमा सहयोग, समाजमा सामाजिक सदभाव कायम गर्न निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसरी नै समूहमा बचत गर्ने, बचत गरेको पैसा समूह भित्रका सदस्य लाई ऋृण दिने, ऋृण लिएर आफ्ना आर्थिक आवश्यकता पूरा गर्ने गरेको देखिन्छ । परम्परागत सोच, शिक्षा, न्युन आर्थिक अवस्था आदिका कारण तुलनात्मक रुपमा ग्रामिण क्षेत्रका महिलाहरु सशक्तिकरणको प्रक्रियामा पछाडी रहेका छन । शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा महिला विकासका लागि यस्ता कार्यक्रमहरुले अझ निरन्तरता पाउनु पर्ने देखिन्छ । अवसर पाएमा ग्रामिण क्षेत्रका महिलाहरु पनि आन्तरिक शक्तिको प्रष्फुटन गर्न सक्षम हुने देखिन्छ । अतः यसरी नै प्रत्येक गाँउका, शहरका आमा समूहहरु समाज सेवा, गाउँ बिकास र राष्ट्रका हरेक क्षेत्रमा सहभागी हुन सकेमा त्यहाँ समानता प्राप्त हुनेछ ।

# सन्दर्भ सामाग्री

अर्याल, सन्जु (२०६७), *महिला शसक्तिकरण र सहकारी,* महिला अधिकार राष्ट्रिय महिला आयोग ।

ओझा, नेत्र (२०६३), *समाजका ढाँचाहरू,* एकेडेमिक बुक सेन्टर कीर्तिपुर ।

ओझा, घननाथ (२०६४), *नेपालमा महिला,* काठमाडौं : पैरवी बुक हाउस ।

कुँवर, तृष्ण (२०६८ पुष), *महिला हिंसाको अर्को पाटो,* नारी मासिक पत्रिका ।

केन्द्रीय तथ्यांक बिभाग (२०६८), काठमाडौँ ।

गूरुङ, कमला (२०५५), *समाज सेवा र ग्रामिण बिकासमा आमा समूहको भूमिका,* समाजशास्त्र मानवशास्त्र केन्द्रिय विभागमा प्रस्तूत गरिएको स्नाकोत्तर तहको शोधपत्र ।

गूरुङ, गणेशमान (सन् १९९४), *मौलिक जनता परिवर्तन र परिचालन,* काठमाडौंः साझा प्रकाशन ।

तामाङ, सेरा (२००७), *नेपालमा विकासेनारीवाद, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* सोशल साइन्स वहाःका लागि हिमाल किताबद्धारा प्रकाशित ।

निजामति किताब खाना, (२०६७/११/१७), हरिहर भवन ।

प्रधान, गौरी (२०६८), *परिवर्तनको बाटोमा महिला र मानव अधिकार,* महिला अधिकार, राष्ट्रिय महिला आयोग ।

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रुपरेखा,* काठमाडौं : निमा प्रकाशन ।

पौडेल, तुलसीराम (२०५९), *लैङ्गिक अध्ययनको रुपरेखा,* काठमाडौं : निमा प्रकाशन ।

पौडेल, तुलसीराम (२०६८), *लैङ्गिक अध्ययनको रुपरेखा,* काठमाडौंः साझा प्रकाशन ।

फूयाल, हरेराम (२०६०), *आमा समूहद्धारा संचालित आयआर्जन कार्यक्रम,* समाजशास्त्र/मानवशास्त्र विभाग पाटन संयुक्त क्याम्पसमामा प्रस्तुत गरिएको स्नाकोत्तर तहको शोधपत्र ।

राष्ट्रिय योजना आयोग (२०६७), *तीन वर्षीय अन्तरिम योजनाको आधारपत्र* (२०६७/६८-२०६९/७०), काठमाडौं ।

रेग्मी, सरला (२०६७), *नयाँ संविधानमा महिला अधिकार कसरी सुनिश्चीत गर्ने ?* महिला अधिकार, राष्ट्रिय महिला आयोग ।

रोक्का, हरि (२०६५), *महिला अधिकार र वर्तमानमा महिलाको स्थिति,* राष्ट्रिय महिला आयोग, फागुन ।

श्रेष्ठ, केशव र साथीहरू (२०६६), *लैङ्गिक अध्ययन* एकेडेमिक बुक सेन्टर किर्तिपुर ।

शर्मा, राधा (२०५५), *महिला सशक्तिकरण र लैङ्गिक समानता -पृ.१०३), विकासको निम्ति शिक्षा,* काठमाडौं : शिक्ष विकास तथा अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

*स्थानिथ विकास मन्त्रालय / यू.एन.डि.पी.*(२०६१), उद्यम विकास प्रशिक्षण सहभागी पुस्तिका, काठमाडौं ।

*हेटौंडा नगरपालिका* (२०५६), हेटौंडा नगरपालिका बुलेटिन, हेटौंडा, मकवानपुर ।

*हेटौंडा नगरपालिका* (२०७१), बार्षिक नगर विकास योजना,आर्थिक बर्ष २०७१/७२-पृ १।

# Reference

Acharya, M. (1997). *Gender Equality and Empoewrment of women in Nepal.* A Status Report Submitted to UNFPA, Kathmandu.

Acharya, B. (1995). *The status of women in Nepal Vol.V*. Kathmandu, CEDA. 44-49.

Bajracharya, Ranjana (2005), *Cultural Diversity & Gender*, Lalitpur M Bhaktanand Bajrachrya Pub.

Gurung, D. (1993). *Women in Conservation and Development, Kathmandu*: Karnali Offset Printing Support Press.

Karki, Roshan (2003). *The Kathmandu Sunday Post*, January 5, 2003

Luitel, Samira (1996), *Empowerment: What being literate means to maithali women in Nepal.p.120-141. In Education & Development*, Kathmandu: CERID, Tribhuvan University.

MoHP, New ERA Inc Macro (2006), *Nepal Demographic and Health Survey 2006.* Calverton, Maryland, USA. Population Devision, Ministry of health and Population: New ERA: INC Macro International.

Shtri Shakti. (1995*). Women development a case study of the socio-ecnomc change in the status of women in Nepal.*

United Nation (1994). *Report of the International Conference on Population and development*, ICPD, Cairo, 5-13, September 1994. New york: United Nation.

# अनुसूची १

## १. बैयक्तिक अध्ययन

### क. तारा कार्की (नाम परिवर्तन)

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ मा स्थायी रुपमा बसोबास गर्दै आउनु भएकी तारा कार्की अहिले ३८ बर्षकी भएको बताउनु हुन्छ । हिन्दु धर्म मान्दै आउनु भएकी तारा कार्की एस्.एल्.सि. सम्मको शिक्षा हासील गरेको र सासु ससुरा बाट छुट्टिएर अलग्गै बस्नु भएको छ । आफ्ना २ वटा छोरा रहेको र श्रीमान् सवारी साधनको सामानको ब्यपार गर्ने र आफु चाहि गृहणी जीवन बिताइरहनु भएको कुरा बताउनु भयो । उहाँको भनाई अनुसार आमा समूहबारे सुनेको मात्र थियो । हाम्रो टोल देखी बाहेक अरु टोलमा पनि आमा समूह गठन गरेर विभिन्न कामहरु गरेको देखीसकेपछि ममा पनि एक किसिमको जागरुपता भने आएको थियो तर त्यसलाई एक्लैले कसरी हुन्छ ? साथीहरुसँग करा गर्नु पर्ला भन्ने सोचबिचारमा थिए । एक दिन अचानक त्यहि वरिपरीका साथिहरु गफ गरीरहदा आमा समुहको बारेमा कुरा आयो र हामी पनि मिलेर गठन गरौ भन्ने कुरामा ६/७ जना को सहमति भईसकेपछि हामीले २०/२५ जना सदस्य बनाउनको लागी अरुलाई पनि भन्दै हिड्ने काम भयो त्यसरी हिड्दा हिड्दै धेरैले समर्थन गर्नु भयो र नाम टिपाउदा २५ जना भयौ । त्यस पछि हामीले तिनै सदस्यहरु मध्येबाट ३ जना पदाधिकारी छनौट गर्ने निधो गर्‍यौं र साथी हरुले मलाई नै कोषाध्यक्ष मा समर्थन गरे । सुरुमा त धेरै डर लागेको थियो कसरी, के के काम गर्ने भन्ने कुरामा धेरै अलमल पनि भयो तर समय बित्तै जादा हामीले त्यो समुहलाई नगरपालिकामा दर्ता गर्ने काम गर्‍यौ । त्यस पछि हामीलाई त्यहाँ बाट तालिमको ब्यवस्था पनि भयो । तालिम लिई सकेपछि काम गर्न धेरै सजिलो हुँदोरहेछ । हाल म कोषाध्यक्षमा छैन किनकि समय संगसंगै समूहको वचत रकम पनि बढदै गएकोले रकमको हिसाब गर्नको लागि म भन्दा बढि शिक्षित महिलाको आवश्यकता पर्‍यो । त्यसैले गर्दा म अहिले समुहको सदस्य मात्र हुँ । हाम्रो समूह कुनै बाधा अडचन बिना अगाडी बढीरहेको छ । म प्रत्येक समुहको बैठकमा भने जसरी पनि उपस्थीत हुने गरेकी छु र मलाई समुहमा संलग्न हुन परिवारको समर्थन छ । ऋण लिदा दिदा समूहको जुन नियम छ म त्यसमा सहमत छु । आफू समूहमा प्रवेश गरेपछि घरपरीवारमा कुनै समस्या नआएको बरु धेरै

कुरामा फाईदा पुगेको बताउनु भयो । के के कुरामा फाइदा भयो भनि मैले प्रश्न गर्दा तारा कार्की भन्नु हुन्छ  बचत गर्न पाइयो, पैसा चाहिदा सजिलै अन्त भन्दा थोरै ब्याजदरमा पाउने भइयो, बोल्न सक्ने क्षमतामा बृद्धि भयो । कपडा सिलाउने तालिम यसै समूहबाट लिएं, जसले गर्दा घरपरिवारको र कहिलेकाहिं अरुको कपडा पनि सिउने गरेको छु । जसले गर्दा थोरै भए पनि आर्थिक सहयोग मिलेको छ र भविश्यमा यसै आमा समूहबाट ऋण लिएर सिलाई मेसिन किनेर ब्याबसायिक रुपमा कपडा सिलाउने विचार गरेको छु ।

## ख.शर्मिला लामा (नाम परिवर्तन)

हेटौंडा उपमहानगरपालिका वडा नं. २९ मा स्थायी बसोबास गर्दै आउनु भएकी शर्मिला लामा अहिले ४२ बर्ष की भएको बताउनु हुन्छ । बैद्ध धर्म मान्दै आउनु भएकी शर्मिला लामा ५ कक्षा सम्मको अध्ययन गरेको र हाल गृहणी जीवन बिताईरहेकी लामाको एकल परिवार रहेको छ । सुरुमा साथिहरुबाट आमा समुहको बारेमा थाहा पाएको र आमा समुहको सदस्य भएको कुरा बताउनु भयो । घर परिवार बाट समर्थन नपाएकी शर्मिला समुहको नियमीत बैठकमा भने जसरी पनि उपस्थीत हुने गरेकी छु भन्नुहुन्छ । किन तपाईलाई तपाइको परिवारले समर्थन नगरेको होला भनि प्रश्न राख्दा घरधन्दा, खेती, गाईबस्तु धेरै छन् र दिउंसो घरमा कोहि नहुने भएकोले नजानु भन्नुहुन्छ तर पनि समुहमा आवद्ध भयो भने बचत गर्न पाईने, साथिहरुसँग भेटघाट हुने, नयाँ नयाँ कुराहरु थाहा पाईने, केही समय भएपनि घरायसी झनझट बाट मुक्त भएको अनुभव हुन्छ । त्यसैले घरधन्दा सकेर समुहमा जसरी भएपनि उपस्थीत हुन्छु । समूहमा आबद्ध भएपछि विभिन्न समयमा दिईने तालिमहरु लिने गरेको र त्यस्ता तालिमले गर्दा धेरै कुरा सिक्न, बुझ्न पाईएको बताउनुहुन्छ । साथै पहिले खाने पानीको सुविधा नजिकै नभएको, ईनार वा टाढा गएर पानी ल्याउनु पर्ने बाध्यता भएकोमा हाल आमा समूहकै सक्रियतामा खानेपानीको सुविधा भएको बताउनुहुन्छ । समय समयमा समूहबाट ऋण लिएर बाख्रा पालन गरेको, हाल पैसाको लागि अरुको भरपर्न नपरेको र परिवारमा आर्थिक सहयोग हुनाको साथै पारिवारिक निर्णयमा आफ्नो भूमिका रहेको बताउनुहुन्छ ।

# अनुसूची २

## प्रश्नावली

### हेटौंडा उपमहानगरपालिका वडा नं.४ र २९ का आमा समूहका महिलाहरु बिच सशक्तिकरण सम्बन्धि एक तुलनात्मक अध्ययन

**त्रिभुवन विश्वविद्याय**
**समाजशास्त्र केन्द्रिय विभाग**
**किर्तिपुर,काठमाडौं**

**पारिवारिक विवरण :-**

उत्तरदाताको नाम:

जिल्ला: उमेर:

नगरपालिका: भाषा:

वडा नं.: धर्म:

मिति: जातजाती:

पारिवारिक अवस्था: १.एकल २.संयुक्त

| क्र.स. | परिवारका व्यक्तिको नाम थर | घरमूलीसंगको सम्वन्ध | लिंग :म:१ पु:२ | उमेर | बैवाहिक स्थिति | शैक्षिक अवस्था | रोजगार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**संकेतः**

| **घरमूलीसंगको सम्वन्ध** | **बैवाहिक स्थिति** | **शैक्षिक अवस्था** | **रोजगार** |
|---|---|---|---|
| १.उत्तरदाता | १.अविवाहित | १.अशिक्षित | १.कृषि |
| २.श्रीमान/श्रीमती | २.विवाहित | २.साक्षर | २.जागिर |
| ३.छोरा/बुहारी | ३.छुट्टिएको | ३.प्राथमिक | ३.व्यापार/व्यावसाय |
| ४.छोरी/ज्वाईं | ४.पारपाचुके | ४.निम्न माद्यामिक | ४.मजदुर |
| ५.सासु/ससूरा | ५.एकल | ५.माद्यामिक | ५.दैनिक ज्यालादार |
| ६.आमा/बुवा | ६.थाहा नभएको | ६.उच्चमाद्यामिक | ६.घरको काम |
| ७.हजुरबुवा/हजुरआमा | | ७.स्नातक | ७.विद्यार्थि |
| ८.नाती/नातिनी | | ८.स्नातकोत्तर | ८.बैदेशिक रोजगार |
| ९.अन्य | | ९.थाहा नभएको | ९.थाहा नभएको |
| १०.थाहा नभएको | | | |

| **प्रश्न नं** | **प्रश्न** | **संकेत** | |
|---|---|---|---|
| १. | तपाईंको अथवा परिवारका सदस्यको नाममा जग्गा छ? | छ...............................१<br>छैन...........................२ | ३ |
| २. | तपाईंसंग जम्मा कति जग्गा छ? | बिघा.........................१<br>कट्ठा........................२<br>धुर............................३ | |
| ३. | तपाईंको आफ्नो घर छ? | छ...............................१<br>छैन...........................२ | ५ |
| ४. | कस्तो प्रकारको घर छ? | पक्कि.........................१<br>ढुङ्गाबाट बनेको............२ | |

<table>
<tr><td></td><td></td><td colspan="3">काठबाट बनेको............३<br>अन्य.........................४</td><td></td></tr>
<tr><td>५.</td><td>तपाईको परिवारमा शौचालयको सुविधा छ?</td><td colspan="3">छ.............................१<br>छैन...........................२</td><td>७</td></tr>
<tr><td>६.</td><td>छ भने कस्तो प्रकारको छ?</td><td colspan="3">सेफ्टी ट्याङकी भएको....१<br>साधारण......................२<br>फ्लस .........................३<br>अन्य...........................४</td><td></td></tr>
<tr><td>७.</td><td>तपाईको परिवारमा पिउने पानीको स्रोत के हो ?</td><td colspan="3">धारा/पाईप..................१<br>ट्युवेल........................२<br>मुलधारा.......................३<br>खोलानदि......................४<br>अन्य...........................५</td><td></td></tr>
<tr><td>८.</td><td>तपाईको परिवारमा खाना पकाउन कुन ईन्धनको प्रयोग गर्नुहुन्छ ?</td><td colspan="3">विजुली........................१<br>दाउरा.........................२<br>ग्यास..........................३<br>मट्टितेल.....................४<br>अन्य............................५</td><td></td></tr>
<tr><td rowspan="7">९.</td><td rowspan="7">परिवारमा मनोरञ्जन तथा सञ्चारको साधन के के छ ?</td><td></td><td>छ</td><td>छैन</td><td rowspan="7"></td></tr>
<tr><td>रेडियो</td><td></td><td></td></tr>
<tr><td>टेलिभिजन</td><td></td><td></td></tr>
<tr><td>मोबाईल</td><td></td><td></td></tr>
<tr><td>टेलिफोन</td><td></td><td></td></tr>
<tr><td>कम्प्युटर</td><td></td><td></td></tr>
<tr><td>ईन्टरनेट</td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १०. | तपाईंको परिवारको मुख्य आम्दानीको स्रोत के हो ? | कृषि......................१<br>जागिर....................२<br>व्यापार/व्यावसाय........३<br>मजदुर....................४<br>दैनिक ज्यालादार..........५<br>बैदेशिक रोजगार..........६<br>पेन्सन्.....................७<br>थाहा नभएका.............८ | |
| ११. | तपाईंको परिवारको मासिक आम्दानीले घर खर्च पुग्छ कि पुग्दैन ? | पुग्छ.............................१<br>पुग्दैन............................२ | |
| १२. | पुग्दैन भने कहाँ कहाँ बाट आम्दानी जुटाउनु हुन्छ ? | कृषि व्यवसायबाट ...........१<br>तलव ज्यालामा काम गरेर....२<br>पेन्सनबाट.......................३<br>ऋण लिएर.......................४<br>अन्य...............................५ | |
| १३. | तपाईंको परिवारमा महिलाको नाममा घर जग्गा छ ? | छ.............................१<br>छैन............................२ | |
| १४ | छ भने कति छ? | इकाई \| वीघा \| कठ्ठा \| धुर<br>क्षेत्रफल \| \| \| | |

## व्यक्तिगतविवरण

| | | | |
|---|---|---|---|
| १. | तपाई कति वर्षको हुनुभयो ? | पुरा उमेर............................ | |
| २. | तपाईंको जन्मस्थान कहाँ हो ? | ......................................... | |
| ३. | विवाह गर्दा तपाईंको उमेर कति थियो ? | पुरा उमेर............................ | |
| ४. | तपाईंको विवाह गर्दा श्रीमानको उमेर कति थियो ? | पुरा उमेर............................ | |

| | | | | |
|---|---|---|---|---|
| ५. | तपाई कहिल्यै विद्यालय जानुभएको छ ? | छ...................................१<br>छैन.................................२ | | ७ |
| ६. | कति कक्षा सम्म पढनु भएको छ ? | तह.................................. | | ८ |
| ७. | विद्यालय नजानुको मुख्य कारण के हो ? | विवाह भएर.......................१<br>गर्भवति भएर......................२<br>गरिबिको कारणले................३<br>विद्यालय टाढा भएर.............४<br>छोरी भएकोले.....................५<br>अन्य कारणले......................६<br>थाहा छैन...........................७ | | |
| ८. | तपाईंको पेशा के हो ? | ....................................... | | |
| ९. | तपाईंको श्रीमानले कति पढनु भएको छ ? | ........................................ | | |
| १०. | तपाईंको श्रीमानको पेशा के हो ? | ........................................ | | |
| ११. | पहिलो पटक गर्भवती हुदा कति बर्षको हुनुहुन्थ्यो | ..................................... | | |
| १२. | हाल तपाईंका कति जना सन्तान छन् ? | छोरा | छोरी | |
| | | | | |
| १३. | तपाईंले अहिले सम्म परिवार नियोजनका साधनको प्रयोग गर्नुभएको छ ? | छ..................................१<br>छैन................................२ | | १६ |
| १४. | कस्तो कस्तो प्रयोग गर्नु भएको छ ? | अस्थाई.............................१<br>स्थाई...............................२ | | |

| | | | |
|---|---|---|---|
| १५. | तपाईंले परिवार नियोजन सम्बन्धि जानकारी कहाँबाट पाउनुभयो? | रेडियो...............................१<br>पत्रपत्रिका...........................२<br>स्वास्थ्यकर्मि........................३<br>साथिभाई...........................४<br>पाठ्यपुस्तक........................५<br>श्रीमान..............................६<br>अन्यश्रोत...........................७ | |
| १६. | पछिल्लो पटक गर्भवती हुँदा कहाँ जँचाउनु भयो ? | अस्पताल............................१<br>स्वास्थ्य चौकि......................२<br>मेडिकल.............................३<br>धामी/झाक्रि.........................४<br>अन्य.................................५<br>जँचाईन.............................६ | १८ |
| १७. | जाँच नगर्नुको कारण ? | गरिबीको कारण..................१<br>परिवारको सहयोग नभएर.......२<br>स्वास्थ्य सेवा उपलब्ध नभएर...३<br>वास्ता नभएर.....................४<br>अन्य................................५ | |
| १८. | अन्तिम पटक कहाँ सुत्केरी हुनुभयो ? | घर...................................१<br>अस्पताल............................२<br>स्वास्थ्य चौकी......................३<br>अर्काको घर........................४<br>अन्य.................................५ | |
| १९. | तपाईंलाई सुरक्षित मातृत्व सम्वन्धि ज्ञान छ ? | छ....................................१<br>छैन..................................२ | |
| २० | तपाईंको नाममा घर जग्गा छ ? | छ....................................१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | छैन.................................२ | | | |
| २२ | के तपाईं सधैं रेडियो सुन्नुहुन्छ ? | सुन्छु...............................१<br>सुन्दिन.............................२ | | | |
| २३ | के तपाईं सधैं टी.भी. हेर्नुहुन्छ ? | हेर्छु.................................१<br>हेर्दिन...............................२ | | | |
| २४ | तपाईंलाई घरको काममा कसले सहयोग गर्छ | श्रीमान.............................१<br>सासु...............................२<br>ससुरा..............................३<br>छोरा...............................४<br>छोरी...............................५<br>अन्य...............................६ | | | |
| २५ | तपाईंले कस्ता कस्ता तालिम लिनुभएको छ ? | | छ | छैन | |
| | | शिक्षा सम्वन्धि | | | |
| | | आर्थिक विकास सम्बन्धि | | | |
| | | क्षमता बिकास सम्बन्धि | | | |
| | | व्यक्तित्व विकास सम्बधित | | | |
| | | निर्णय प्रक्रिया सम्बन्धि | | | |
| | | अन्य........... | | | |

| | | | |
|---|---|---|---|
| २६ | ती तालिमहरु कहाँबाट प्राप्त गर्नुभयो ? | ...................................... | |
| २७ | ती तालिमहरुबाट तपाईंको जीवनमा कुनै परिवर्तन भएको छ ? | छ.....................................१<br>छैन..................................२<br>थाहा छैन...........................३ | |
| २८ | तपाईं राजनितिमा सहभागी हुनुहुन्छ ? | छ.....................................१<br>छैन..................................२ | ३० |
| २९ | यसको लागि परिवारको सदस्यको सहयोग पाउनु हुन्छ ? | छ.....................................१<br>छैन..................................२ | |

**सहयोगको लागिधन्यवाद ।**